‘व्यावसायिक
पत्रकारिताको आधार,
प्रेस स्वतन्त्रता र श्रम अधिकार’

# रणनीतिक दृष्टिकोण–पत्र

(२०७४-०७६)

नेपाल पत्रकार महासङ्घ

’व्यावसायिक पत्रकारिताको आधार,
प्रेस स्वतन्त्रता र श्रम अधिकार’

# रणनीतिक दृष्टिकोण–पत्र

(२०७४-०७६)

नेपाल पत्रकार महासङ्घ
२०७४

# रणनीतिक दृष्टिकोण-पत्र २०७४-०७६

**रणनीतिक दृष्टिकोण-पत्र**
**(२०७४-०७६)**

Strategic Vision Paper of Federation on Nepali Journalists
(2017-020)

| | |
|---|---|
| प्रकाशक | : नेपाल पत्रकार महासङ्घ, केन्द्रीय कार्यालय सञ्चारग्राम, तिलगङ्गा, काठमाडौं, नेपाल |
| फोन | : +९७७-१-४११२७६३, ४११२६७३ |
| फ्याक्स | : +९७७-१-४११२७८५ |
| इमेल | : fnjnepalcenral@gmail.com |
| वेबसाइट | : fnjnepal.org |
| प्रकाशन मिति | : भदौ २०७४ |
| प्रकाशित प्रति | : २००० |
| डिजाइन | : एड क्रिउ मिडिया प्रा.लि |


© **सर्वाधिकार : नेपाल पत्रकार महासङ्घ**

# कृतज्ञता

नेपाल पत्रकार महासङ्घले स्थापनादेखि नै पत्रकारहरूको हक-अधिकार प्रवर्द्धनका साथसाथै पत्रकारिताको व्यावसायिक विकासमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । ६ दशक भन्दा बढीको यात्रा पार गरी पत्रकार महासङ्घ अहिलेसम्म आइपुग्दा पत्रकार र सञ्चारमाध्यमको संख्यात्मक तथा गुणात्मक परिवर्तनका साथसाथै प्रविधि र पहुँच एवम् विषयमा धेरै परिवर्तन आएका छन् ।

राज्यको शासकीय संरचना र स्वरूप, सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा भएका परिवर्तनहरूसँग अद्यावधिक हुँदै नेपाली पत्रकारिता जगतको सशक्त ढङ्गले अगुवाइ गरिरहनका लागि समयानुकूल अवधारणाको तय गरी स्पष्ट योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दा आगामी दिनमा नेपाल पत्रकार महासङ्घको भूमिका अझ प्रभावकारी हुन सक्छ । त्यसैले पत्रकारहरूलाई सङ्गठित गरी व्यावसायिक नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकार प्रवर्द्धन तथा संरक्षण गर्न क्रियाशील रहने, उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्ने, सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा क्रियाशील रहने, श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि नेतृत्व प्रदान गर्ने,पत्रकार तथा आमसञ्चारमाध्यमको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि सक्रिय रहने, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनका लागि आवश्यक अन्य काम गर्ने लगायतका उद्देश्यले रणनीतिक दृष्टिकोण पत्र (२०७४-०७६) तयार गरिएको हो ।

यो रणनीतिक दृष्टिकोण पत्र तयार पार्नमा मिडिया विज्ञ विनोद ढुङ्गेलको विशेष भूमिका छ । ढुङ्गेलका साथै दृष्टिकोण पत्र तयारीका क्रममा महत्वपूर्ण सुझाव तथा सल्लाह दिने महासङ्घका उपाध्यक्षद्वय खिलबहादुर भण्डारी र अनिता विन्दू, महासचिव उजिर मगर सहित कार्य समितिका सबै पदाधिकारीलाई धन्यवाद दिन चाहन्छु । यसैगरी हिरण्य जोशी, भुवन केसी सहित यसको तयारीका क्रममा राय सुझाव दिनुहुने विज्ञ, वरिष्ठ पत्रकार र पत्रकारहरूलाई पनि हार्दिक धन्यवाद छ ।

**डा. महेन्द्र विष्ट**
अध्यक्ष
नेपाल पत्रकार महासङ्घ

# विषयसूची


| | | |
|---|---|---|
| मन्तव्य | | |
| १. | प्रारम्भ | ८ |
| १.१. | पृष्ठभूमि | ८ |
| १.२. | उद्देश्य | ९ |
| १.३. | रणनीतिक दृष्टिकोण-पत्रको औचित्य र महत्व | ९ |
| १.४. | विगतका दुई अवधारणाको समीक्षा | १० |
| १.५. | दृष्टिकोण-पत्र निर्माण प्रक्रिया तथा विधि | ११ |
| २. | महासङ्घको सन्दर्भ विश्लेषण | १२ |
| २.१. | सबल र कमजोर पक्ष तथा चुनौती र अवसर | १२ |
| २.१.१ | सबल पक्ष | १२ |
| २.१.२ | कमजोर पक्ष | १३ |
| २.१.३ | चुनौती | १३ |
| २.१.४ | अवसर | १४ |
| २.२. | संस्थागत सञ्चालन र सचिवालय सबलीकरण | १५ |
| ३. | प्रेस स्वतन्त्रताको अवस्था | १७ |
| ३.१. | नेपालमा प्रेस स्वतन्त्रताको अवस्था विश्लेषण | १७ |
| ३.१.१. | उपलब्धिहरूको संक्षिप्त सूची | १७ |
| ३.१.२. | नयाँ संविधानमा प्रेस स्वतन्त्रता | १८ |
| ३.१.३. | राष्ट्रिय आमसञ्चार नीति | १९ |
| ३.१.४. | पत्रकार आचारसंहिता, २०७३ | १९ |
| ३.१.५. | अनलाइन सञ्चारमाधयम सञ्चालन निर्देशिका, २०७३ | २० |
| ३.१.६. | अदालतको अवहेलनासम्बन्धी कानून | २० |
| ३.१.७. | स्वतन्त्र प्रेसको भौतिक सुरक्षा | २१ |
| ३.१.८. | पत्रकारको पेशागत सुरक्षा | २१ |
| ३.१.९. | पत्रकार महासङ्घको पुनःसंरचना | २१ |
| ३.२. | प्राथमिकताका सात सवाल | २२ |
| ३.२.१. | श्रमजीवी पत्रकारको हकहित र सुरक्षा | २२ |
| ३.२.२. | सङ्गठनात्मक पुनर्संरचना र संस्थागत विकास | २२ |
| ३.२.३. | शुद्धीकरण र ब्यावसायिक पत्रकारिता प्रवर्द्धन | २३ |

| | | |
|---|---|---|
| ३.२.४. | पत्रकारको दक्षता अभिवृद्धि | २३ |
| ३.२.५. | मिडियाको प्रवर्द्धन र व्यावसायिक विकास | २३ |
| ३.२.६. | प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवम् नीतिगत र कानूनी सुधार | २३ |
| ३.२.७. | नागरिक अगुवा संस्थाका रूपमा क्रियाशीलता | २४ |
| ४. | रणनीतिक सवाल तथा प्रतिफल | २५ |
| ४.१. | कानूनी सुधार | २५ |
| ४.१.१. | सूचना तथा सञ्चारसम्बन्धी कानून | २५ |
| ४.१.२. | मिडियामा लगानी | २५ |
| ४.१.३. | अनलाइन मिडियासम्बन्धी कानून | २५ |
| ४.१.४. | विभिन्न कानूनमा मिडिया | २६ |
| ४.२. | संरचनागत सुधार | २६ |
| ४.३. | पत्रकारहरूको भौतिक सुरक्षा | २६ |
| ४.४. | पेशागत सुरक्षा | २७ |
| ४.५. | प्रेस स्वतन्त्रता संरक्षण | २७ |
| ४.६. | पत्रकार तथा मिडियाको दक्षता अभिवृद्धि | २८ |
| ४.७. | मिडियाको दिगो विकास | २८ |
| ४.८. | मर्यादित पत्रकारिताको प्रवर्द्धन | २९ |
| ४.९. | पत्रकारितामा महिला सहभागिताको विकास | ३० |
| ४.१०. | महासङ्घको संस्थागत सबलीकरण | ३० |
| ४.१०.१. | नीतिगत निर्णय | ३० |
| ४.१०.२. | साङ्गठनिक प्रयास | ३० |
| ४.१०.३. | सचिवालय व्यवस्थापन | ३१ |
| ५. | कार्यान्वयन तथा मूल्याङ्कन | ३२ |

## १. प्रारम्भ

नेपाली पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घले नेपाली पत्रकारलाई सङ्गठित गरी उनीहरूको हक-अधिकार प्रवर्द्धन गर्ने काम मात्र नगरी नेपाली पत्रकारिताको व्यावसायिक विकासमा पनि नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । यसको ६ दशकभन्दा लामो इतिहासका क्रममा नेपाली पत्रकारिताका विभिन्न आयाममा पनि व्यापक परिवर्तन भएको छ । पत्रकार र सञ्चारमाध्यमको संख्यात्मक तथा गुणात्मक परिवर्तन मात्र भएको छैन; प्रविधि र पहुँच एवम् सामाजिक, आर्थिक तथा राजनीतिक सबै क्षेत्रमा आधारभूत रूपमै परिवर्तनहरू देखापरेका छन् । ती परिवर्तनलाई आत्मसात गर्दै त्यस्ता परिवर्तनले पत्रकारितामा सिर्जना गरेका अवसरहरूको उपभोग र पारेका प्रभावहरूको सामना गर्ने क्षमताको विकास गर्नु नेपाल पत्रकार महासङ्घको लागि पनि चुनौतीको विषय हो । राज्यको शासकीय संरचना र स्वरूप, समाजको चेतनाको विकासका साथै सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा भएका परिवर्तनहरूसँग अद्यावधिक हुँदै नेपाली पत्रकारिता जगतको सशक्त ढङ्गले अगुवाइ गरिरहनका लागि समयानुकूल अवधारणाको विकास गर्नु र तदनुरूप योजना तथा कार्यक्रमहरूको तयारी तथा कार्यान्वयन गर्नु जरूरी छ । यस सन्दर्भमा नै यो रणनीतिक दृष्टिकोण-पत्रको आवश्यकता महसूस गरिएको हो ।

## १.१ पृष्ठभूमि

नेपाल पत्रकार महासङ्घको पुर्खा संस्था नेपाल पत्रकार सङ्घ पहिलो पटक (वि.सं. २००८) गठन हुँदाताका विश्वमा अन्यत्र पनि पत्रकारहरूका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरू गठन-पुनर्गठन हुँदै थिए । संसारकै पुरानो र ठूलो संस्था मानिने व्यावसायिक पत्रकार समाज[१] गठन भएको करीब ४२ वर्षपछि नेपालमा त्यसरी पत्रकारहरू सङ्गठित भएका थिए । उतिबेला विश्वमा पत्रकारहरूको सबैभन्दा ठूलो संस्था अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आईएफजे) गठन भएको २५ वर्ष भए पनि सुदृढ भइसकेको थिएन ।[२] त्यसअघि नै सन् १९४६ मा अन्तर्राष्ट्रिय पत्रकार सङ्घ (आईओजे) स्थापना भएको थियो ।[३] अन्तर्राष्ट्रिय प्रेस इन्स्टिच्यूट (आईपीआई) गठन भएकै वर्ष सन् १९५० मा छिमेकी भारतका पत्रकारहरूले त्यहाँको सबैभन्दा ठूलो सङ्गठन भारतीय श्रमजीवी पत्रकार महासङ्घ (आईएफडब्ल्यूजे) गठन गरे ।[४] यसरी नेपाल र भारत मात्र नभएर दक्षिण एशियालगायत अरू देशका पत्रकारमा पनि त्यतिखेर सङ्गठनको जागरण निकै भएको देखिन्छ ।

त्यही जागरणकालमै नेपालमा वि.सं. २००८ सालमा श्रमजीवी पत्रकारहरूको हितरक्षा गर्ने घोषित उद्देश्यले सत्यनारायणबहादुर श्रेष्ठको सभापतित्वमा नेपाल पत्रकार सङ्घ गठन गरियो । सो सङ्घले करीब दुई वर्षका बीच पत्रकारहरूको भेला, पत्रकारितासँग सम्बन्धित विभिन्न माग पेश गर्नेलगायतका गतिविधि गरेको इतिहास पाइएको छ । सो सङ्घ निरन्तर सक्रिय नरहेको आधारमा वि.सं. २०१२ सालमा कृष्णप्रसाद उपाध्याय भट्टराईको अध्यक्षतामा पुनर्गठित नेपाल पत्रकार सङ्घको निरन्तरतामा हालको नेपाल पत्रकार महासङ्घ आइपुगेको छ । नेपाली पत्रकारिता क्षेत्रमा विकास हुँदै गएको विधागत पत्रकारिताको विकास र सरचनात्मक परिवर्तनको आवश्यकताका कारण नेपाल पत्रकार सङ्घलाई वि.सं. २०५३ मा महासङ्घ बनाइयो[५] भने महासङ्घको विधान २०६० को पहिलो संशोधन २०६४ अनुसार महासङ्घको प्रमुख पद सभापतिलाई अध्यक्ष भन्न थालियो । यसबीचमा विदेशमा रहेका नेपाली पत्रकार पनि महासङ्घ मा सगंठित हुँदै गएका छन् । महासङ्घको विधानमा २०७४ सालमा भएको चौथो संशोधनसँगै यो संस्था सङ्घीय संरचनामा गएको छ भने थप समावेशी र ट्रेड यूनियन अधिकार केन्द्रित भएको छ ।

सङ्गठन र पत्रकारिता क्षेत्रका साथै यसबाहिर पनि महासङ्घको पहिचान र कार्यक्षेत्र बनेको छ । विगतमा सङ्घसंस्था दर्ता ऐनअनुसार दर्ता भएर गैरसरकारी संस्थाको कानूनी हैसियतमा रहेको महासङ्घ हाल राष्ट्रिय निर्देशन ऐन, २०१८ अनुसार दर्ता भएर नेपाली व्यावसायिक पत्रकारहरूको संस्थाको रूपमा रहेको छ । यसका साथै मुलुकमा लोकतन्त्र र नागरिक स्वतन्त्रताका लागि उठेका आवाजहरूमा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको आवाज लिएर नागरिक समाजको अगुवाको पहिचान पनि महासङ्घ पत्रकारहरूको ट्रेड युनियनका रूपमा पनि सक्रिय रहेको छ । महासङ्घकै कतिपय सदस्यहरू ट्रेड यूनियनका पनि सदस्य भएको र महासङ्घ आफैंमा ट्रेड यूनियनका रूपमा कार्यरत आईएफजेको सदस्य पनि रहेकोले यसको ट्रेड यूनियनको स्पष्ट पहिचान बनिसकेको छ ।

---

१ सन् १९०९ मा अमेरिकामा गठन भएको Sigma Delta Chi को नाम परिवर्तन गरी सन् १९८८ मा व्यावसायिक पत्रकार समाज (Society of Professional Journalists) बनाइएको हो ।

२ आईएफजे सन् १९२६ मा गठन भए पनि सन् १९४६ मा पुनः सङ्गठित र १९५२ मा पुनः सुदृढ गरिएको थियो ।

३ तीन वर्षपछि गैरकम्युनिष्ट देशहरू यसबाट अलग भएका थिए ।

४ http://ifwj.in/index.php?main_page=index&zenid=715083512c47c5d6f9e4ac7935b2bef8

५ २०५३ जेठ २८ र २९ गते धरानमा भएको वार्षिक भेलाले सङ्घको विधान परिमार्जन गरेपछि केही संस्थागत सदस्यहरू सङ्गठित गरी २०५३ असार ११ गतेदेखि पत्रकार सङ्घलाई महासङ्घको स्वरूप दिइएको हो ।

## १.२ उद्देश्य

प्रेस स्वतन्त्रताको रक्षा गर्दै स्वच्छ, व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकासका लागि नेपालमा कार्यरत पत्रकारलाई सङ्गठित गरी उनीहरूको पेशागत हकहितको संरक्षण र संवर्द्धनका लागि सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रतालगायतका नागरिक अधिकारलाई आत्मसात गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा राष्ट्रको वृहत्तर हितका निम्ति पारदर्शी र न्यायपूर्ण समाजको विकास गर्ने अभीष्टसहित नेपाल पत्रकार महासङ्घ सक्रिय रहेको छ ।[६] यसको विधानको प्रस्तावनालाई हेर्दा नेपाल पत्रकार महासङ्घको सङ्गठनात्मक संरचना स्थापना र सञ्चालन गर्दा समेत अन्तर्राष्ट्रिय जगतमा पत्रकारिता क्षेत्रमा क्रियाशील सङ्घ, संस्था तथा व्यक्तिहरूसँग सौहार्द्रपूर्ण सम्बन्ध कायम गर्ने सिद्धान्त यसले वैधानिक रूपमै स्वीकार गरेको छ ।

यस्ता अभीष्ट तथा सिद्धान्तहरूको परिपूर्तिका लागि महासङ्घले विभिन्न नौ वटा उद्देश्य तय गरेको छ । पत्रकारहरूको सङ्गठन, हक अधिकार, सुरक्षा, सक्रियताका साथै पत्रकारिताको व्यावसायिक अभ्यास तथा आचरण र राष्ट्र, समाज तथा नागरिकका स्वतन्त्रतासँग सम्बन्धित ती उद्देश्यहरू[७] यस प्रकार रहेका छन्–

(१) नेपाली पत्रकारहरूलाई सङ्गठित गरी व्यावसायिक नेतृत्व प्रदान गर्दै उनीहरूको हक अधिकार प्रवर्द्धन तथा संरक्षण गर्न क्रियाशील रहने,
(२) उत्तरदायी, मर्यादित र जिम्मेवार पत्रकारिताको संस्थागत विकासमा क्रियाशील हुँदै स्वतन्त्र प्रेसको विश्वव्यापी मर्म, मान्यता, आचरण र आदर्शलाई परिपालना गर्ने,
(३) सूचनाको हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा क्रियाशील रहने,
(४) श्रमजीवी पत्रकारहरूको उचित श्रम अभ्यास, सामूहिक सौदावाजी र पेशा तथा रोजगारीको अधिकारको संरक्षणका लागि नेतृत्व प्रदान गर्ने,
(५) पत्रकार तथा आमसञ्चारमाध्यमको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि सक्रिय रहने,
(६) पत्रकारिता क्षेत्रसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा क्रियाशील सङ्घ संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने तथा विभिन्न देशका सङ्घ, संस्थाहरूसँग प्रतिनिधिहरू आदानप्रदान गर्ने,
(७) पत्रकारिता क्षेत्रसँग सम्बन्धित विषयहरूमा बैठक, भेला, सभा, सम्मेलन, गोष्ठी, अन्तर्क्रिया, प्रशिक्षणलगायत अन्य विभिन्न रचनात्मक गतिविधिहरू सञ्चालन गर्ने र पुस्तक, पत्रपत्रिका, कार्यक्रम तथा प्रतिवेदन प्रकाशन वा उत्पादन गर्ने,
(८) राष्ट्र, समाज र आम नागरिक तथा पत्रकार जगतको हितका साथै स्वच्छ पत्रकारिताको प्रवर्द्धनका निम्ति क्रियाशील रहने,
(९) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र प्रवर्द्धनका लागि आवश्यक अन्य काम गर्ने ।

महासङ्घका यिनै उद्देश्य प्राप्तिको यात्रामा सूचनाको हक, विचार तथा अभिव्यक्ति स्वतन्त्रता र श्रमजीवी पत्रकारहरूको हितरक्षाका पक्षमा अनेक अभियान र आन्दोलनको अगुवाइ गर्दै पत्रकार महासङ्घले नागरिक अधिकारको पक्षमा एक सशक्त पेशागत सङ्गठनको पहिचान बनाएको छ । यस क्रममा आइपर्ने चुनौतीहरूको सामना गर्नका लागि आवश्यक पैरवी तथा सक्रियताका कामहरू सशक्त र प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि यसलाई नेपाली पत्रकारहरूको अगुवा संस्थाका रूपमा थप सुदृढ तुल्याउने उद्देश्यले यो रणनीतिक अवधारणा तयार गरिएको हो ।

## १.३ रणनीतिक दृष्टिकोण–पत्रको औचित्य र महत्व

समाज र राष्ट्रमा समयक्रममा आउने परिवर्तनसँग अनुकूलित हुँदै निर्दिष्ट उद्देश्य प्राप्तिका लागि आफ्नो जिम्मेवारीलाई प्रभावकारी रूपमा सम्पादन गर्नु कुनै पनि जीवन्त सङ्गठनको दायित्व मात्र होइन; विशेषता नै हो । रणनीतिक अवधारणा भनेको कुनै पनि सङ्गठनको दीर्घकालीन दृष्टिकोण हो, जसले निर्धारित अवधिमा सम्पन्न गरिने कार्यक्रमलाई दिशानिर्देश गर्दछ । निजी तथा व्यावसायिक क्षेत्रका संस्थाहरूले प्रतिस्पर्धात्मक बजारमा आफूलाई खरो रूपमा टिकाइराख्न र प्रतिस्पर्धी पहिचानसहित अघि बढिरहनका लागि अवलम्बन गर्ने गरेको रणनीतिक योजनाको अवधारणा समकालीन विश्वमा विभिन्न पेशागत सङ्गठन, सार्वजनिक सङ्घसंस्था र अभियानहरूमा समेत प्रभावकारी सावित हुँदै आएको छ ।

नेपाली श्रमजीवी तथा व्यावसायिक पत्रकारहरूको छाता संस्था नेपाल पत्रकार महासङ्घले पनि आफ्ना कामकारवाहीलाई बढी प्रभावकारी पार्न नयाँ रणनीति पहिचान गरेको छ । यसले महासङ्घले आगामी तीन वर्षसम्म सम्पादन गर्ने विभिन्न क्रियाकलापलाई मार्गनिर्देश गर्नुका साथै त्यस्ता क्रियाकलापबाट प्राप्त हुने अपेक्षित उपलब्धिको आंकलन गर्न पनि मूल दस्तावेजको रूपमा काम गर्ने छ । यसर्थ यो अवधारणा महासङ्घले सम्पादन गर्ने क्रियाकलापका लागि मार्गदर्शन त आवश्य नै हो, त्यसअलावा महासङ्घका क्रियाकलापलाई थप परिणाममुखी बनाउने एक आधारसमेत हो ।

६ नेपाल पत्रकार महासङ्घको विधान २०६० (चौथो संशोधन २०७३) को प्रस्तावनाअनुसार ।
७ नेपाल पत्रकार महासङ्घको विधान २०६० (चौथो संशोधन २०७३) को दफा ३ अनुसार ।

## १.४ विगतका दुई अवधारणाको समीक्षा

यसअघि तर्जुमा गरी कार्यान्वयन गरिएका विभिन्न योजनाको अनुभवका आधारमा पनि समसामयिक नयाँ रणनीतिक अवधारणाको थप उपादेयता तथा आवश्यकता महसूस भएको हो । यहाँ महासङ्घका यसअघिका दुई वटा कार्यकालमा अङ्गीकार गरिएका दुई वटा अवधारणाको संक्षिप्त समीक्षा गरिएको छ । यसबाट ती दस्तावेजहरूको तत्कालीन मात्र नभएर वर्तमान औचित्य वा महत्वको समेत लेखाजोखा गर्न मद्दत पुग्दछ । २०६८ वैशाखमा २३ औं महाधिवेशनबाट निर्वाचित महासङ्घको नेतृत्वले तीन वर्षे कार्ययोजना सार्वजनिक गरेको थियो । सो १५ बुँदे कार्ययोजनालाई मार्गनिर्देश गर्ने कुनै लिखित रणनीतिक दृष्टिकोण-पत्र नपाइए पनि सो कार्ययोजनामा उल्लेख भएका विषयहरूले तत्कालीन परिस्थितिमा महासङ्घले गरेका कामहरूको मूल्यांकन गर्न निकै उपयोगी महसूस भएको महसूस हुन्छ । सो कार्ययोजनामा उल्लेख गरिएका कतिपय योजनाहरू सोही नेतृत्वको कार्यकालमा पूरा भएका छन् भने कोही पछि पूरा भएका छन् । तर, केही काम पूरा हुन अझै बाँकी छन् । यसबाहेक अधिकांश कामहरू महासङ्घले निरन्तर गरिरहनुपर्ने प्रकृतिका देखिन्छन् । यस सन्दर्भमा सो कार्ययोजनामा रहेका बूँदाहरूलाई संक्षिप्तमा समीक्षा गर्नु उपयुक्त हुन्छ ।

पहिलो बूँदामा उल्लेख भएअनुसार महासङ्घको केन्द्रीय कार्यालय भवन तयार भएको छ । दोश्रो बुँदमा महासङ्घले महासङ्घको केन्द्रीय कार्यालयमा एक "कानूनी विङ्" स्थापना गरी श्रमजीवी पत्रकारहरूको पेशागत तथा भौतिक असुरक्षासँग सम्बन्धित तथ्यांक संकलन गर्ने, अदालतमा कानूनी पैरवी गर्ने, कानून तथा नीतिनिर्माणका लागि लबिङ् गर्ने तथा श्रमजीवी पत्रकारहरूको हितमा अभियान नै सञ्चालन गर्ने उल्लेख थियो । यो योजना सोहीबमोजिम यथारूपमा कार्यान्वयन हुन नसकेको भए पनि सारमा कार्यान्वयन भएको देखिन्छ । तेश्रो बुँदामा "नेपाल पत्रकार महासङ्घ मिडिया तालिम केन्द्र" स्थापना गर्ने र पत्रकारितासम्बन्धी तालिम दिनका लागि वरिष्ठ तथा अगुवा प्रशिक्षकहरूको तथ्यांक नै तयार गरी सो केन्द्रमार्फत व्यावसायिक, उत्तरदायी र जिम्मेवार पत्रकारितालाई सशक्त पार्नका लागि सक्रियतापूर्वक काम गर्ने कुरा योजनामै सीमित भएको देखिन्छ । चौथो बुँदामा रहेको महासङ्घको सचिवालयलाई व्यावसायिक व्यवस्थापकीय क्षमतायुक्त प्रणालीका आधारमा सञ्चालन गर्ने योजनाको अपेक्षित कार्यान्वयन अझसम्म पनि हुन बाँकी नै छ । श्रमजीवी पत्रकारहरूको व्यावसायिक गुणस्तर र भौतिक सुरक्षाको अवस्था उकास्ने तथा प्रेस र अभिव्यक्ति स्वतन्त्रताको प्रवर्द्धन गर्ने पाँचौ र छैठौं बुँदा आफैंमा एक पटक मात्र गरेर हुने विषय होइन, यसको लागि अनवरत क्रियाशील रहनैपर्ने हुन्छ । यसै गरी सातौं बुँदाले समेटेको महासङ्घको सदस्यता शुद्धीकरण अभियान, आठौं बुँदामा भएको महासङ्घको पारदर्शी कार्य संरचनाको विकास, नवौं बुँदाको सीप विकासका साथै मर्यादित, जिम्मेवार र विश्वसनीय पत्रकारिताको विकासका कुरा पनि निरन्तरतामा खोजिनुपर्ने प्रगतिका विषयका रूपमा देखिन्छन् । दशौं बुँदामा आदिवासी जनजाति, मधेशी, महिला, कर्णाली र सुदूरपश्चिमका पत्रकारहरूका लागि अतिरिक्त तालिम तथा व्यवहारमूलक कार्यशालाको सञ्चालनको विषय पनि अद्यापि उपयोगी र आवश्यक नै देखिन्छ । एघारौं बुँदामा रहेको सरकारी विज्ञापनको समानुपातिक वितरण गरी साना लगानीका मिडियाको हित गर्ने कुरा, बाह्रौं बुँदाको मिडियामा हुने लगानीमा पारदर्शिताको कुरा अहिले पनि कायम छन् । तेह्रौं बुँदामा रहेको नयाँ मिडिया अर्थात् इन्टरनेटमा आधारित अर्थात अहिलेको सन्दर्भमा अनलाइन मिडियालाई नेपाली पत्रकारिता-मैत्री बनाउनका लागि अवधारणा बनाउन नीतिगत तहमा निरन्तर अभियान सञ्चालन गर्ने योजना अहिले पुरानो भएको महसूस भए पनि अनलाइन पत्रकारिताको स्वतन्त्र प्रवर्द्धनमा भयानक चुनौतीहरू देखापरिरहेकै छन्; तसर्थ यो विषय पनि पुरानो भएको छैन । पत्रकार कल्याण कोषको पारदर्शी सञ्चालनका लागि संयन्त्र निर्माण गर्ने र द्वन्द्व प्रभावितहरूको सहयोगका लागि काम गर्ने अन्तिम बुँदालाई पनि सामयिक परिवर्तनसहित निरन्तरता दिनुपर्ने नै देखिन्छ ।

त्यसपछि २०७१ वैशाखमा २४ औं महाधिवेशनबाट निर्वाचित महासङ्घको नेतृत्वले "सुरक्षित र जिम्मेवार प्रेसका लागि रणनीतिक मार्गचित्र" भनेर मूलतः सुरक्षा चासोलाई सम्बोधन गर्ने गरी एक नयाँ रणनीति अख्तियार गऱ्यो । नेपाली सञ्चार क्षेत्रले भोगिरहेका व्यावसायिक एवम् भौतिक सुरक्षा चुनौतीहरूको पहिचान गरी भविष्यमा नेपाली सञ्चार क्षेत्रलाई सुरक्षित, जिम्मेवार, व्यावसायिक र सबल बनाउनका लागि कसले कस्तो भूमिका खेल्नुपर्छ भन्नेबारेमा रणनीतिक मार्गचित्र प्रस्तुत गर्ने मुख्य उद्देश्य तय गरी लागू गरिएको यस मार्गचित्रका उपलब्धिहरू पनि मिश्रित नै रहेका देखिन्छन् । सो मार्गचित्रले नेपाली पत्रकार र पत्रकारिताका मूलतः चार वटा पक्षमा चर्चा गर्दै तिनैका सन्दर्भमा रणनीति तय गरेको छ । ती हुन्- पत्रकारको सुरक्षा, व्यावसायिक निष्ठा, स्वतन्त्रताको संरक्षण र प्रभावकारिता अभिवृद्धि ।

पहिलो मुद्दाका रूपमा रहेको पत्रकारको सुरक्षाका सन्दर्भमा रणनीतिले भौतिक सुरक्षाका लागि सरकारी संरचना नै जिम्मेवार हुनुपर्ने ठहर गरेको देखिन्छ । त्यस्तो पहलका रूपमा नेपाल प्रहरीले 'अभिव्यक्ति स्वतन्त्रता संरक्षण डेस्क' वा 'मानवअधिकार संरक्षण इकाई' स्थापना गर्ने; राष्ट्रिय मानवअधिकार आयोगले 'प्रेस संरक्षण इकाई' स्थापना गर्ने जस्ता विकल्प सुझाएको थियो । त्यस्तै मानवअधिकार रक्षकसम्बन्धी छुट्टै कानून निर्माण गर्ने उपाय पनि सुझाइएको थियो । त्यसका लागि महासङ्घले निरन्तर चासो र दवाव दिने कुरा सो रणनीतिमा उल्लेख थियो । यस्ता इकाईको स्थापना भइनसकेकोले महासङ्घले थप चासो र दवाव दिनुपर्ने आवश्यकता कायमै रहेको छ ।

व्यावसायिक सुरक्षाका लागि श्रमजीवी पत्रकार ऐन कार्यान्वयन हुनुपर्ने र मिडियामा श्रम तथा पूँजी दुवै उत्तिकै महत्वपूर्ण हुन् भन्ने मान्यतालाई स्थापित गर्नुपर्ने कुरा मार्गचित्रमा उल्लेख गरिएको छ । यसका लागि सरकार, सम्बन्धित सञ्चारमाध्यम र पत्रकारहरू सबै पक्षले विचार गर्नुपर्ने अवस्था सो मार्गचित्रमा उल्लेख गरिएजस्तै हाल पनि विद्यमान छ ।

सुरक्षाकै कुरा गर्दा पत्रकारितामा महिलाको गुणस्तरीय सहभागिता बढाउनका लागि उनीहरूको दक्षता अभिवृद्धिका लागि विभिन्न गतिविधिहरू गरिनुपर्ने कुरा हाल पनि पत्रकारितामा महिलाको कम उपस्थिति रहेकोले अद्यापि सान्दर्भिक देखिन्छ । पत्रकार आचारसंहिता लैङ्गिक दृष्टिले पुनरावलोकन गर्नुपर्ने कुरा सो मार्गचित्रमा उल्लेख गरिएको थियो । हाल पत्रकार आचारसंहिता नै नयाँ लागू भइसकेको[८] र महिलामैत्री विशिष्ठीकृत आचारसंहिता[९] पनि प्रेस काउन्सिलले तयार गरिसकेको सन्दर्भमा अब ती आचारसंहिताको प्रभावकारी पालनाको पक्षमा ध्यान दिनुपर्ने ठाउँमा महासङ्घ पुगेको देखिन्छ ।

सो मार्गचित्रको दोश्रो मुद्दाका रूपमा रहेको व्यावसायिक निष्ठाको पालनाका लागि पत्रकारहरूलाई संवेदनशील बनाउन प्रेस काउन्सिलको अनुशासन समितिको संरचना र क्षेत्राधिकार दुवैमा पुनर्विचार गरिनुपर्ने उल्लेख गरिएको पाइन्छ । तर, त्यस प्रकारको खासै परिवर्तन भएको भने पाइँदैन ।

मार्गचित्रको तेश्रो मुद्दामा स्वतन्त्रताको संरक्षणका सन्दर्भमा पूर्व सेन्सरशिप हुन नहुने उल्लेख गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई बन्देज गर्ने खालका संवैधानिक व्यवस्थाहरू हुन नदिनेतर्फ महासङ्घले अगुवाइ गर्नुपर्ने सुझाइएको छ । २०७२ सालमा नेपालको संविधान जारी हुने अन्तिम समयसम्म पनि पत्रकार महासङ्घले यस सन्दर्भमा देखाएको सक्रियता स्मरणीय छ । तर, विचार तथा अभिव्यक्ति स्वतन्त्रतासँग सम्बन्धित कैयौं मुद्दाहरूमा सर्वोच्च अलालतले दिएको आदेशहरूको कार्यान्वयनका लागि गर्नुपर्ने कामको पहिचान गर्न पत्रकार महासङ्घले अनुसन्धानको काममा गर्नुपर्ने अगुवाइ भने सोबमोजिम अझै पनि गर्नुपर्ने अवस्था छ ।

चौथो बुँदामा रहेको प्रभाकारिता अभिवृद्धिसम्बन्धी मुद्दामा योग्य र जुझारू पत्रकार निर्माण गर्नका लागि आवश्यक शिक्षा तथा प्रशिक्षणको खाँचो औँल्याइएको छ । सो खाँचो अद्यापि पूरा भइसकेको छैन । यसै गरी सोही बुँदामा मिडिया हाउस खोल्दा निश्चित अवधिसम्म सञ्चालन गर्ने उसको व्यावसायिक योजनासमेत हेर्ने गरी 'धरौटी प्रणाली' को थालनी गर्नु मानवसंशाधन व्यवस्थापनका दृष्टिकोणले समेत सकारात्मक हुने कुरा उल्लेख गरिएको थियो । यसका लागि नेपाल पत्रकार महासङ्घको पैरवी गर्ने र आवश्यकअनुसार दवाव दिने कुराको खाँचो सो मार्गचित्रमा उल्लेख भएजस्तै अद्यापि पूरा भइसकेको छैन ।

हाम्रा आफ्नै अनुभव र संसारभरका असल अभ्यासहरूबाट सिकेर पत्रकारहरूको क्षमता बढाउन सरकार, सञ्चार प्रतिष्ठान र पत्रकार महासङ्घलगायत सञ्चारसम्वद्ध संस्थाहरूले पहलकदमी लिनुपर्ने निष्कर्षसमेत निकालिएको सो मार्गचित्रमा यी सबै कामका लागि 'तालिम केन्द्र वा प्राज्ञिक केन्द्रहरूको स्थापना' गर्नु जरूरी रहेको समाधान औंल्याइएको पाइन्छ । तर, यस्तो निकाय स्थापना भइनसकेकोले यसको सान्दर्भिकता अझै पनि कायमै छ ।

यसै गरी महासङ्घको २४ औं महाधिवेशनबाट निर्वाचित समितिले नै २०७१ असारमा आगामी तीन वर्षका कार्ययोजनाका रूपमा सात प्राथमिकता निर्धारण गरेको पाइन्छ (हेर्नुहोस्- '३.२. प्राथमिकताका सात सवाल') । ती प्राथमिकताअनुसार नै महासङ्घका गतिविधि सफलतापूर्वक परिलक्षित भएका छन् ।

## १.५ दृष्टिकोण-पत्र निर्माण प्रक्रिया तथा विधि

विस्तृत रणनीतिक दृष्टिकोण-पत्रकै रूपमा नेपाल पत्रकार महासङ्घको यो पहिलो दस्तावेज हो । महासङ्घले गर्दै आएका काम र तय गरिएका कतिपय नीतिगत निर्णयहरूका आधारमा सञ्चालित हुने भए पनि मूलतः सङ्गठन सञ्चालनको आधारभूत दस्तावेज यसको विधानका आधारमा महासङ्घका गतिविधिहरू सञ्चालित हुँदै आएको पाइन्छ । तिनलाई कार्यान्वयन गर्ने कार्यक्रमिक निर्णयहरू भने आवश्यकताका आधारमा तय हुने गरेका छन् । यसअलावा कतिपय विषयगत आधारमा पनि महासङ्घका कार्यक्रमहरू हुने गरेका छन् । साङ्गठनिक बाहेकका गतिविधिहरूको निर्धारण भने त्यस्ता गतिविधिका लागि प्राप्त सहयोगका आधारमा हुने गरेको अवस्था छ ।

यस पृष्ठभूमिमा नेपाल पत्रकार महासङ्घ ले आगामी तीन वर्षसम्म सम्पादन गर्ने विभिन्न क्रियाकलापका लागि मार्गदर्शन गर्न तथा ती क्रियाकलापबाट प्राप्त हुने अपेक्षित उपलब्धिको आंकलन गर्नका लागि एक व्यवस्थित दृष्टिकोण-पत्रको आवश्यकता महसूस गरी यो दृष्टिकोण-पत्र तयार गर्ने क्रममा महासङ्घको विगतको कार्यसञ्चालन पद्धतिको अध्ययन गरिएको छ । मूलतः द्वितीयक स्रोत प्रयोग गरी प्राप्त जानकारीका आधारमा दृष्टिकोण-पत्र तयार गर्ने क्रममा दस्तावेज अध्ययनको विधिलाई मूल आधार बनाइएको छ । महासङ्घको योजना तथा रणनीतिसँग सम्बन्धित विगतका दुई वटा दस्तावेज ('१.४ विगतका दुई अवधारणाको समीक्षा' उप-शीर्षकमा चर्चा गरिएको) को अध्ययन यही दृष्टिकोण-पत्र निर्माणसँग सम्बन्धित छ । यसका साथै राज्यका विभिन्न ऐन कानून तथा तिनले परिकल्पना गरेका निकायहरूका बारेमा अध्ययन नगरी महासङ्घले अवधारणा बनाउन सक्ने कुरै भएन ।

यसका साथै विभिन्न सार्वजनिक तथा व्यावसायिक संस्थाहरूको रणनीतिक योजनाका खाकाहरूलाई पनि यस दृष्टिकोण-पत्र तयारीका क्रममा अध्ययन गरिएको छ । पत्रकार महासङ्घ सम्बन्धी विषयका जानकार विभिन्न व्यक्तिहरूसँग पनि कुराकानी गरी तयार गरिएको दृष्टिकोण-पत्र निर्माणका क्रममा महासङ्घका मुख्य पदाधिकारी, वरिष्ठ पत्रकार तथा सम्पादकहरू, नागरिक समाजका सरोकारवाला व्यक्तिहरू, विषयविज्ञहरू, महासङ्घका पूर्व पदाधिकारी एवम् सदस्यहरूद्वारा विभिन्न मञ्चमा अभिव्यक्त विचारलाई पनि स्रोतका रूपमा प्रयोग गरिएको छ ।

---

८ प्रेस काउन्सिल दिवसका उपलक्ष्यमा २०७३ असोज ६ गते राष्ट्रपति विद्यादेवी भण्डारीको उपस्थितिमा राष्ट्रपति भवन, शीतलनिवासमा आयोजित विशेष समारोहका बीच प्रेस काउन्सिल नेपालका अध्यक्ष र नेपाल पत्रकार महासङ्घका अध्यक्षद्वारा नयाँ आचारसंहिता जारी भएको घोषणा गरिएको ।

९ पत्रकार आचारसंहिता २०७३ को दफा १२ मा सो आचारसंहिता लागू भएपछि काउन्सिलद्वारा पत्रकार तथा सञ्चारमाध्यमका निमित्त जारी गरिने आचारसंहिता सम्बन्धी विशिष्टीकृत निर्देशिकाहरू पनि सो आचारसंहिताको अभिन्न अङ्ग मानिने व्यवस्था भएबमोजिम महिला-मैत्री आचारसंहिताका साथै बालसंवेदशील पत्रकारितासम्बन्धी आचारसंहिता पनि जारी भएको छ ।

## २ महासङ्घको सन्दर्भ विश्लेषण

महासङ्घको विद्यमान साङ्गठनिक संरचना, क्षमता र वैधानिक हैसियत तथा व्यावसायिक मूल्य मान्यताअन्तर्गत आफ्नो दायित्वबमोजिम भूमिका निर्वाह गर्ने क्रममा देखिएका सस्थाको सबल तथा कमजोर पक्षका साथै अवसर र चुनौतीका विषयमा यहाँ विवेचना गरिएको छ । यसका साथै महासङ्घको संस्थागत चुनौतीका विषयमा पनि अलग्गै उपशीर्षकमा चर्चा गरिएको छ ।

## २.१ सबल र कमजोर पक्ष तथा चुनौती र अवसर

सबल, कमजोर, अवसर र चुनौतीका क्षेत्रहरूका बारेमा तुलनात्मकरूपमा गरिने यस्तो प्रकारको विश्लेषण (स्वोट एनालाइसिस) गर्ने सिलसिलामा सोही प्रयोजनलाई मात्रै वा सो प्रयोजनलाई समेत केन्द्रित गरेर व्यवस्थित रूपमा कार्याशाला आयोजना गर्नु निकै लाभप्रद हुने गर्दछ । त्यस्ता कार्यशालामा समुहगत रूपमा संस्थाको सबल एवम् दुर्बल पक्ष तथा अवसर एवम् चुनौतीको विश्लेषण गर्न पाइन्छ । सामूहिक रूपमा गरिने यस्ता खुला विमर्शहरूमा विभिन्न व्यक्तिका विचार, ज्ञान र अनुभवको सम्मिश्रण हुने हुनाले त्यस्तो प्रक्रिया निकै कुनै पनि रणनीति निर्माणका लागि निकै समृद्ध स्रोत हुनसक्छ । यो दृष्टिकोण-पत्र तयारीका सन्दर्भमा भने संस्थाको सबलपक्ष, कमजोरपक्ष, अवसर र चुनौतिहरूको बारेमा त्यस्तो स्रोतको अभाव महसूस गरिएको छ । बरू, निर्माण प्रक्रिया ('१.५ दृष्टिकोण-पत्र निर्माण प्रक्रिया तथा विधि' उप-शीर्षकमा चर्चा गरिएको) मा उल्लेख गरिएको विधिका आधारमा महासङ्घका सबलपक्ष, कमजोरपक्ष, अवसर र चुनौतिहरू पहिल्याउने प्रयास गरिएको छ । तसर्थ, कार्यशालाहरूबाट तयार गरिने प्रकारको त्यस्तो विश्लेषणको तालिकावद्ध प्रस्तुति भने राखिएको छैन ।

### २.१.२ सबल पक्ष

- अहिले महासङ्घको केन्द्र, ७५ जिल्ला शाखा, ४१ प्रतिष्ठान, ११ एसोसिएट (संस्थागत) र ७ वटा वैदेशिक शाखामा आवद्ध गरी १३ हजारभन्दा बढी सदस्य रहेका छन् । वैदेशिक शाखाहरूमा मात्रै सदस्य संख्या १५७ पुगेको छ भने महिला सदस्य २ हजार ३०० नाघेको छ । यति ठूलो सदस्य संस्था र सञ्जाल भएको पत्रकारहरूको देशमै एक मात्र सङ्गठन नेपालका लागि मात्र नभएर विश्वमै नमूनाको रूपमा रहेको छ । यो यसको सर्वाधिक सबल पक्ष हो ।
- नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहासकै हाराहारीको उमेर पार गरेको करीब सात दशक लामो संस्थागत इतिहासको विरासत ।
- निश्चित अवधिभित्र खुला लोकतान्त्रिक प्रक्रियाका आधारमा नेतृत्वको चयन भई व्यावसायिक पत्रकारहरू निर्वाचित भएर आउने व्यापक विविधतायुक्त र पूर्णतः समावेशी नेतृत्व ।
- ट्रेड यूनियन र श्रम अभ्यास गर्ने साझा संस्थाका औपचारिक आन्तरिक वैधानिक व्यवस्था ।
- श्रमजीवी पत्रकार ऐन नियमको कार्यान्वयनका लागि सरोकारवाला मिडिया व्यवस्थापकहरू, मिडियाका लगानीकर्ताहरूबीच छलफल र सामूहिक सौदावाजी गर्नसक्ने हैसियत ।
- प्रेस स्वतन्त्रता रक्षकका रूपमा सशक्त पहिचान, प्रेस स्वतन्त्रता हननको वैज्ञानिक तथा व्यवस्थित अनुगमनको क्षमता तथा प्रेस स्वतन्त्रताविरोधी कुनै पनि गतिविधिसँग लड्ने तागत ।
- विभिन्न सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको सहयोगमा विविध विषयवस्तुमा पत्रकारहरूलाई सीपविकास तथा ज्ञानआर्जनसँग सम्बन्धित तालिमलगायतका गतिविधि गर्ने क्षमता ।
- स्वच्छ, मर्यादित एवम् उत्तरदायी पत्रकारिताको विकासका लागि महासङ्घभित्र मात्र नभएर समग्र पत्रकारिता जगतमै शुद्धीकरण अभियान सञ्चालन गरिने विषयमा जीवन्त छलफल कायम भएका कारण महासङ्घको सदस्यता र गतिविधिमा शुद्धीकरणमार्फत उल्लेख्य परिणाम हासिल गर्न सकिने संभावना रहनु ।
- मिडियामा बहुलता, विविधता, लैंगिक समानता र समावेशिताको अवधारणा कार्यान्वयन गर्नुपर्छ भन्नेमा नीतिगत स्पष्टता ।
- आम सदस्यहरूसँगै नेतृत्व तहमा पनि मूलतः श्रमजीवी वा श्रमजीवी पक्षीय पत्रकारहरूको वर्चस्व हुने गरेका कारणले श्रमजीवीका मुद्दाहरूले प्राथमिक स्थान पाइरहनु ।
- साना लगानीका मिडिया प्रवर्द्धनका उपाय र सम्भाव्यता अध्ययनका लागि महासङ्घ आफैंले पनि अध्ययन गर्नसक्ने क्षमता र अवस्था ।
- पत्रकारिताको नवीनतम अवधारणालाई पछ्याउँदै नेपालबाट पनि उल्लेख्य संख्यामा अनलाइन मिडियाहरू उत्साहजनकरूपमा सञ्चालनमा आइरहेको अवस्था ।

- नागरिक समाज तथा पेशागत क्षेत्रका विभिन्न सङ्घ संस्थाका साथै सरकारी एवम् गैरसरकारी राष्ट्रिय सङ्घसंस्थाका बीच नेतृत्वदायी पहिचान तथा सहकार्यको वातावरण ।
- पत्रकारहरूको हितका लागि पत्रकार कल्याण कोष, आपतकालीन राहत कोषजस्ता स्थायी कोष, सामाजिक सुरक्षा र पत्रकारितासम्बन्धी परियोजना सञ्चालन ।
- अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आईएफजे), आइफेक्सलगायतका अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँगको सम्बन्ध तथा सहकार्य ।

### २.१.२ कमजोर पक्ष

- देशभित्र र बाहिरसमेत गरी ठूलो संख्यामा विविधितायुक्त सदस्यहरू रहेका कारणले महासङ्घको मुख्य आर्थिक स्रोतका रूपमा रहेको सदस्यता नवीकरण समेत बारम्बार ताकेता गर्दा पनि उठाउन कठिन हुनु तर महासङ्घको परिवार ठूलो हुँदै जाँदा कुनै पनि प्रकारका गतिविधिहरूको व्यवस्थापनका कार्य कठिन हुनु ।
- ठूलो भएकै कारण महासङ्घका सबै सदस्यहरू पत्रकार नै छन् भन्ने दावी गर्नसक्ने अवस्थामा चुनौती थपिनु ।
- सङ्गठनको आवश्यकता पूरा गर्नसक्ने स्रोतसाधनको अभाव ।
- विविधताका बीचबाट चुनिएर आउने सबै तहको नेतृत्वमा एउटै टीमको भावना विकास गर्न र सोबमोजिम परिचालिन हुनमा कठिनाइ ।
- विभिन्न सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको सहयोग बिना विविध विषयवस्तुमा पत्रकारहरूलाई सीपविकास तथा ज्ञानआर्जनसँग सम्बन्धित तालिमलगायतका गतिविधि भइरहने अवस्था नहुनु ।
- स्वच्छ, मर्यादित एवम् उत्तरदायी पत्रकारिताको विकासका लागि महासङ्घभित्र र पत्रकारिता जगतमा शुद्धीकरण अभियान सञ्चालन गरिने विषयमा काफी छलफल हुँदा पनि यस मामलामा अनेक समस्या कायम रहनु ।
- आमसञ्चारका क्षेत्रमा बहुलता, विविधता, लैंगिक समानता र समावेशिताको अवधारणा कार्यान्वयन अपेक्षित रूपमा नहुनु ।
- पत्रकारिताको नवीनतम अवधारणालाई पछ्याउँदै नेपालबाट पनि उल्लेख्य संख्यामा अनलाइन मिडियाहरू उत्साहजनकरूपमा सञ्चालनमा आइरहेको अवस्थामा अनलाइन पत्रकारिताका बारेमा महासङ्घले अपेक्षित गतिविधि सञ्चालन गर्न नसक्नु ।
- अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँगको सम्बन्ध तथा सहकार्यबाट महासङ्घका सदस्यहरूलाई अपेक्षित लाभ हुने गरी अवसरहरूको सिर्जना गर्न नसकिनु ।
- सङ्गठन र पत्रकारिता क्षेत्रभित्र मात्र नभएर यसबाहिर पहिचान र कार्यक्षेत्र बनेको महासङ्घ गैरसरकारी संस्थाका रूपमा दर्ता भएर काम गरिसकेको संस्था हुनु, नागरिक समाजको अगुवाको पहिचान पनि बनाउनु, राष्ट्रिय निर्देशन ऐन, २०१८ अनुसार दर्ता भएर कार्यरत रहनु र अहिले आएर विधानमै पत्रकारहरूको ट्रेड युनियनका रूपमा पनि देखिनुका साथै सरकारी कोषबाट पनि रकम लिइरहनुले पहिचानमा समस्या र द्विविधाको अवस्था रहनु ।
- महासङ्घका कतिपय गतिविधि, खास गरी नेतृत्व चयनमा स्पष्ट रूपमा राजनीतिक प्रभाव रहनु ।
- आम सदस्यहरूसँगै नेतृत्व तहमा श्रमजीवी पत्रकारहरूको वर्चस्व रहेका कारणले गर्दा श्रमजीवीका मुद्दाहरूले प्राथमिक स्थान पाइरहने भए पनि मिडिया र महासङ्घको प्राथमिकता नमिल्दा एकातिरको जिम्मेवारी नै छोड्नुपर्ने तहको दवाव नेतृत्वले महसूस गर्नुपर्ने अवस्था आउनु । श्रम गरेर जीविका चलाउनुपर्ने व्यक्ति पारिश्रमिक बिना कम्तीमा तीन वर्षसम्म[१०] महासङ्घका लागि स्वयम्सेवकरूपमा सक्रिय रहनुपर्ने अवस्थाले महासङ्घको नेतृत्वमा श्रमजीवी पत्रकारलाई हतोत्साहित र अरू पत्रकार वा गैरपत्रकारलाई प्रोत्साहित गरेको अर्थ लागिरहेको अवस्था कायम रहनु ।

### २.१.३ चुनौती

- विभिन्न राजनीतिक दलहरूका आन्दोलन तथा विरोध प्रदर्शनका कार्यक्रमहरूमा सञ्चारकर्मी र सञ्चारमाध्यमहरू ध्रुवीकरण हुँदै पेशागत मर्यादाबाट विचलित हुने खतराका बीच महासङ्घले खेल्नुपर्ने भूमिकामा असमञ्जस्यता तथा विवादको वातावरण बन्नु ।
- न्यूनतम पारिश्रमिकलगायत श्रमजीवी पत्रकार सम्बन्धी कानूनहरू आंशिक मात्र कार्यान्वयन भएको अवस्था ।
- महासङ्घको विधानको अक्षर र भावनाबमोजिम सङ्गठनात्मक पुनर्संरचनालाई अघि बढाउनुपर्ने चुनौती ।
- विभिन्न सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको सहयोगमा विविध विषयवस्तुमा पत्रकारहरूलाई सीपविकास तथा ज्ञानआर्जनसँग सम्बन्धित तालिमलगायतका गतिविधि आयोजनामा सहभागी हुनेहरूको भन्दा सहयोग गर्नेहरूको स्वार्थ हावी हुनु ।
- 'राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान' स्थापनाको अवधारणा र कानूनको खाका समेत सरकारलाई बुझाइसकेको अवस्थामा पनि प्रतिष्ठान स्थापनाको कार्य हुन नसक्नु ।

---

१० नेपाल पत्रकार महासङ्घको विधानअनुसार महासङ्घका पदाधिकारीहरूको एउटा पदावधि तीन वर्षको हुन्छ ।

- महासङ्घको सदस्यता र गतिविधिमा शुद्धीकरणमा राजनीतिक दल, विभिन्न सामूहिक अधिकारका पक्षधर तथा अन्य स्वार्थपरक समूहहरूमार्फत दवाव र प्रभावको संभावना रहनु ।
- स्वतन्त्र तथा व्यावसायिक पत्रकारिता गर्ने वातावरण तयार पार्नमा विभिन्न बाधा अड्चन कायम रहनु ।
- दण्डहीनताको अवस्था अन्त्य नहुनु ।
- नयाँ आमसञ्चार नीतिले निर्दिष्ट गरेअनुसार नयाँ कानून तथा संरचना निर्माण गर्ने क्रममा प्रेस स्वतन्त्रतालाई संकुचित गर्नसक्ने खतरा रहनु ।
- आमसञ्चारको क्षेत्रमा बहुलता, विविधता, लैंगिक समानता र समावेशिताको अवधारणालाई मूर्तता दिनु ।
- साना लगानीका मिडियाहरूलाई प्रबर्द्धन गर्दै लोकतन्त्र, प्रेस स्वतन्त्रता, नागरिक अधिकार र सम्पादकीय स्वतन्त्रताको भरपूर उपयोगमार्फत विविधता र बहुलताको प्रवर्द्धन ।
- जनताको प्रत्यक्ष पहुँचमा पुग्ने स्वतन्त्र रेडियोहरू समेत आर्थिक तथा व्यवास्थापकीय दुरावस्थाका कारणले धरापमा पर्दै जाँदा तिनमा कार्यरत पत्रकारहरू अलपत्र पर्ने अवस्था ।
- टेलिभिजनलगायत मिडिया हाउसहरूलाई विशेष उद्योग सहर मान्यता नदिएका कारण र नियमित विद्युत सेवासमेत उपलब्ध नहुँदा आइपरेको संकटमा महासङ्घका सदस्यहरू पनि परेको अवस्था ।
- सञ्चार स्वामित्वको केन्द्रीकरण (Concentration of Media Ownership), मिडिया एकाधिकार (Media Monopoly) तथा क्रस-स्वामित्वबाट उत्पन्न हुन सक्ने नकारात्मक परिणामबाट बच्दै स्वस्थ तथा मर्यादित पत्रकारिताको विकास गर्नु ।
- अनलाइन मिडियाहरू खुल्ने क्रम उत्साहजनकरूपमा बढिरहेको अवस्थामा अनलाइन पत्रकारितालाई सम्बोधन गर्ने कानूनको अभावको फाइदा उठाउँदै राज्यले विद्युतीय कारोवार ऐनलगायतका विभिन्न ऐन तथा अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका जस्ता उपायहरू प्रयोग गरी पत्रकारहरूलाई अनावश्यक दुःख दिइरहेको अवस्था ।
- अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँगको सम्बन्ध तथा सहकार्यबाट महासङ्घका सदस्यहरूलाई अपेक्षित लाभ हुने गरी अवसर सिर्जना गर्ने सन्दर्भमा मागमा आधारित नभई आपूर्तिमा आधारित (अर्थात्, महासङ्घको आवश्यकताका आधारमा नभई दाताको चाहनामा आधारित) गतिविधि भएर महासङ्घका प्राथमिकता तथा मुद्दाहरूमा नकारात्मक प्रभाव पर्ने खतरा ।

### २.१.४ अवसर

- प्रेस स्वतन्त्रता र सञ्चारको हकजस्ता आधारभूत नागरिक अधिकारलाई प्रत्याभूत गर्ने नेपालको संविधान, पत्रकार आचारसंहिता २०७३ र राष्ट्रिय आमसञ्चार नीति २०७३ आधारस्तम्भका रूपमा उपस्थित ।
- ट्रेड यूनियन हक र सामूहिक सौदावाजीलगायतका श्रम अभ्यास गर्ने साझा संस्थाका रूपमा थप स्थापित गराउने अभियान सञ्चालन ।
- न्यूनतम पारिश्रमिकलगायत श्रमजीवी पत्रकार सम्बन्धी कानूनहरूलाई पूर्ण कार्यान्वयन गराउने संभावना ।
- मुलुकको मूल कानून संविधान जारी भएसँगै महासङ्घको विधानको अक्षर र भावनाबमोजिम सङ्गठनात्मक पुनर्संरचनालाई अघि बढाउने संभावना ।
- महासङ्घलाई नागरिक समाजको अगुवा सङ्गठनको रूपमा थप स्थापित गर्ने कामलाई निरन्तरता दिने र समाजप्रति उत्तरदायी भूमिका निर्वाह गर्ने अवसर ।
- विभिन्न सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको सहयोगमा महासङ्घ तथा तिनका सदस्यहरूको इच्छा र आवश्यकताअनुसारका विविध विषयवस्तुमा पत्रकारहरूलाई तालिमलगायतका गतिविधि आयोजना गरेर उनीहरूको सीपविकासको काम गर्नसकिनु । त्यसका लागि केन्द्र र सातै प्रदेशमा 'राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान' स्थापनाको लागि बजेट पारित भई आधारभूत पूर्वाधार तयार हुनु ।
- बीमा, दुर्घटना बीमा, द्वन्द्वपीडित पत्रकार कोष सञ्चालन र भूकम्पपीडित पत्रकारका लागि विशेष प्याकेजका विषयमा गम्भीर ध्यानाकर्षण गरिसकिएकोले थप दवावमूलक गतिविधिमार्फत यी कार्यहरू गराउन सकिने संभावना ।
- महासङ्घको सदस्यता र गतिविधिमा शुद्धीकरणमा राजनीतिक दल, विभिन्न सामूहिक अधिकारका पक्षधर तथा अन्य स्वार्थपरक समूहहरूमार्फत दिइन सक्ने दवाव र प्रभावको सामना गर्न सङ्गठनात्मक र पेशागत नैतिक बलको प्रयोग गर्न सकिनु ।
- नयाँ आमसञ्चार नीतिले निर्दिष्ट गरेको मार्गअनुसार नयाँ कानून तथा संरचना निर्माण गर्ने मार्ग प्रशस्त हुनु र यसका लागि महासङ्घका सदस्यलगायत नागरिक समाज तथा पेशागत सङ्गठनहरूसँगको सहकार्यमा सुखद परिणाम हासिल गर्ने संभावना रहनु ।
- मिडियामा बहुलता, विविधता, लैंगिक समानता र समावेशिताको अवधारणालाई मूर्तता दिनका लागि आवश्यक महसूस गरी मिडियामा समावेशीकरणको लागि सूचना तथा सञ्चार मन्त्रालयबाट गठित आयोगको प्रतिवेदन र लैंगिक समानताको प्रवर्द्धनको निम्ति नेपाल पत्रकार महासङ्घद्वारा २०७१ जेठमा आयोजित पत्रकार महिलाको राष्ट्रिय भेलाद्वारा पारित घोषणापत्र तथा सरकारले तयार गरेको सञ्चार प्रतिष्ठानहरूलाई लैंगिकमैत्री बनाउने निर्देशिका २०७१ कार्यान्वयनमा लैजान महासङ्घले जारी राखेको प्रयास । पत्रकार

आचारंहिता २०७३ र लैङ्गिक मैत्री निर्देशिका समेत जारी भइसकेकोले यिनको कार्यान्वयन तथा थप आवश्यक यस्ता प्रयास गर्ने संभावनाको ढोका सदैब खुला ।

- साना लगानीका मिडियाहरूलाई प्रबर्द्धन गर्दै लोकतन्त्र, प्रेस स्वतन्त्रता, नागरिक अधिकार र सम्पादकीय स्वतन्त्रताको भरपूर उपयोगमार्फत विविधता र बहुलताको प्रवर्द्धनका लागि समानुपातिक विज्ञापन, स्तरोन्नतिका लागि विशेष प्याकेजका लागि भइरहेको पहलमा थप जोड गरी परिणाममुखी निष्कर्षमा पुग्ने संभावना कायम ।
- जनताको प्रत्यक्ष पहुँचमा पुग्ने स्वतन्त्र रेडियोहरू समेत धरापमा पर्दै गएका कारणले तिनमा कार्यरत पत्रकारहरू अलपत्र पर्ने अवस्था आउन नदिन सकेसम्म मर्जरको नीतिमा जान महासङ्घको आव्हान । साथै रेडियो सञ्चालन खर्च कम गर्न एउटै टावरबाट सञ्चालनका लागि समेत महासङ्घको आव्हान ।
- टेलिभिजनलगायत मिडिया हाउसहरूलाई विशेष उद्योग सहर मान्यता दिई नियमित विद्युत सेवा उपलब्ध गराउन सम्बन्धित निकायसमक्ष आवश्यकताअनुसार दवाव दिने वा अनुरोध गर्ने अवस्था ।
- उल्लेख्य सख्यामा अनलाइन मिडियाहरू उत्साहजनकरूपमा सञ्चालन भइरहेको अवस्थामा राज्यले राष्ट्रिय आमसञ्चार नीति जारी गरिसकेको र मिडियासम्बन्धी एकीकृत कानून तथा नेपालको संविधानले परिकल्पना गरेबमोजिमका व्यवस्थाहरू कार्यान्वयन गर्न अन्य कानूनहरू पनि निर्माण गरिरहेको हुनाले अनलाइन पत्रकारितालाई सम्बोधन गर्ने कानूनलाई मिडियासम्बन्धी एकीकृत कानूनभित्र समेटेर पत्रकारिताको यस नयाँ विधा तथा माध्यमको जगेर्ना तथा विकास गर्नमा सामयिक, सिर्जनशील तथा हस्तक्षेपकारी भूमिका निर्वाह गर्नसक्ने अवस्था ।
- माग केन्द्रित अवधारणाका आधारमा चुस्त सचिवालय स्थापना र सञ्चालनमार्फत अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँगको सम्बन्ध तथा सहकार्यबाट महासङ्घका सदस्यहरूलाई अपेक्षित लाभ हुने गरी अवसर सिर्जना गर्ने विपूल संभावना ।
- महासङ्घको नेतृत्वमा श्रमजीवी पत्रकारलाई प्रोत्साहित गर्न र अरू पत्रकार वा गैरपत्रकारलाई प्रोत्साहित हुन नदिनका लागि महासङ्घको नेतृत्वमा रहँदाको अवधिभरि अध्यक्ष, महासचिव, कोषाध्यक्षलगायत आवश्यक पदाधिकारी वा सदस्यले महासङ्घको महाधिवेशन वा साधारणसभामार्फत सैद्धान्तिक म्याण्डेट प्राप्त गरी केन्द्रीय समितिले निर्णय गर्ने र महासङ्घको कामको चाप र आवश्यकताअनुसार पूर्णकालीन घोषणा गर्ने संभावना । यस्तो व्यावहारिक आवश्यकतालाई सम्बोधन गर्दै कार्य गर्दा महासङ्घ सञ्चालनमा थप पारदर्शिता प्रवर्द्धन हुनुका साथै महासङ्घ, यसका सदस्यहरू तथा समग्र पत्रकारिता पेशाकै प्रतिष्ठा अभिवृद्धि हुने र सार्वजनिक छविनिर्माणमा समेत स्वच्छता प्रवर्द्धन हुने अवस्था ।

## २.२ संस्थागत सञ्चालन र सचिवालय सबलीकरण

महासङ्घको हालसम्मको अभ्यास र विभिन्न सन्दर्भमा अभिव्यक्त रायहरूलाई हेर्दा महासङ्घको नेतृत्व र संस्थागत विकासका लागि तीन वटा स्वरूप पेश गरिएको पाइन्छ । पहिलो, हालको जे स्वरूप र शैली छ, त्यही । दोश्रो, महासचिव र यसका सहायक कर्मचारीहरू हुने र अरू पदमा मात्र चुनाव गर्ने । र, तेश्रो, जसरी नेतृत्व गरे पनि पूर्णकालीनलाई निःशुल्क काम नलाउने खालको ।

पहिलो विकल्प चालू नै रहेकाले त्यसको बारेमा धेरै चर्चा गरिरहनु आवश्यक छैन । यो यथास्थितिको पक्षपोषण गर्नु जोखिमरहित छ ।

दोश्रो विकल्प, सचिवालयलाई व्यवस्थित गरेर त्यसमार्फत महासङ्घका दैनिक कामकारवाही चलाउने र नीतिगत काममा मात्रै नेतृत्वले आंशिक समय दिने व्यवस्था हो । यो गरिएमा आईएफजेमा जस्तै महासचिव र उनका सहायक, जसलाई सहायक महासचिव वा सचिव वा उपमहासचिव वा कुनै नाम दिएर आवश्कयताअनुसार पूर्णकालीन कर्मचारीका रूपमा भर्ना गर्नुपर्ने हुन्छ । त्यो अवस्थामा सङ्गठनको प्रमुख नेताको हैसियतले अध्यक्षले मात्रै पूर्णकालीन भए पुग्छ । अरू पदाधिकारीले बैठक वा अरू विशेष समयमा नीतिनिर्माताको हैसियतले मात्रै समय दिए पुग्छ । सचिवालयलाई व्यवस्थित गरेर त्यसमार्फत दैनिक कामकारवाही चलाउने र नीतिगत नेतृत्व मात्रै निर्वाचित नेतृत्वले दिने यो व्यवस्था व्यावसायिक तवरले सङ्गठन सञ्चालन गर्ने उपाय हुनसक्छ । महासङ्घको अहिलेसम्मको प्रचलनभन्दा नितान्त भिन्न भएकोले यसबारे गम्भीर छलफल गर्दै विधान संशोधन गरी नयाँ व्यवस्था गर्नुपर्ने हुन्छ ।

तेश्रो विकल्पअनुसार, अहिलेकै जसरी निर्वाचित नेताहरूले महासङ्घको प्रशासनिक र राजनीतिक नेतृत्व गर्ने हो भने महासङ्घको केन्द्रीय नेतृत्वमा रहेका केही पदाधिकारी तथा सदस्यहरूले पूर्णकालीन हुनैपर्छ । यो अवस्थामा तीन वर्ष वा (पटक-पटक चुनाव जितेर) सोभन्दा बढी पूर्णकालीनरूपमा निःशुल्क स्वयम्सेवा नै गरिरहन श्रमजीवी मात्र नभएर कुनै पनि प्रकारको पेशागत व्यक्तिका लागि सम्भव हुँदैन । बरू यसको सट्टामा महासङ्घको कार्यपद्धति, कार्यशैली र ढाँचामा परिवर्तन गरी समग्र पत्रकारहरू र पत्रकार महासङ्घ पारदर्शी, व्यावसायिक र प्रभावकारी हुनुको विकल्प छैन । यसो भएपछि महासङ्घको सञ्चालन र संस्थागत विकासका लागि धेरै ढोकाहरू खुल्छन् । त्यसअनुसार महासङ्घले गैससहरूले प्राप्त गर्नेजस्ता स्रोतसाधनसमेत प्रयोग गरी मिडियासम्बन्धी सक्रियता, अध्ययन अनुसन्धान, परामर्श, तालिम प्रशिक्षण तथा मिडियासम्बन्धी पैरवी तथा अन्य सेवाका लागि सरसहयोग लिनुपर्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरूसँग सहकार्य गरिरहेको महासङ्घका लागि यो अनौठो प्रयोग वा अपमानजनक अभ्यास होइन । बरू, त्यसरी लिइएको सहायताको पारदर्शी परिचालन भने गर्नुपर्छ ।

यसका लागि उचित नियन्त्रण र सन्तुलनसहितको संयन्त्र विकास गरी कार्यकारी निर्देशकमार्फत काम गर्ने र कोषाध्यक्षले राजनीतिक

नेतृत्व दिने गरी विकास विभागको रूपमा कामलाई समेट्नुपर्दछ । लेखा समितिको भूमिका आर्थिक अनुशासनको विकासमा प्रभावकारी बनाउन सकिन्छ । रोजगारीका लागि महासङ्घको नेतृत्वमा जाने प्रवृत्तिलाई निरूत्साहित गर्ने संयन्त्रको विकास गर्नु चाहिँ जरूरी हुन्छ । यसबाट महासङ्घ थप स्रोतसाधन सम्पन्न भई पेशागत हकहित र पत्रकारिताको विकासका लागि पनि बढी सक्रिय हुनसक्दछ । पत्रकारहरूको हकहितका लागि गर्नुपर्ने कुनै पनि प्रयासमा बाधा पर्न नदिने गरी सङ्गठनात्मक सबलीकरणको काममा सङ्गठन विभागको प्रमुखका रूपमा महासचिव सक्रिय रहनुपर्दछ । आवश्यकताअनुसार कामको क्षेत्र विस्तार गर्दै सम्पूर्ण कार्यसमितिले नै सामूहिक नेतृत्व गरेर आ–आफ्नो जिम्मेवारी सम्हाल्ने बाटो पनि यो नै हो ।

यसका लागि महासङ्घका कुनै पदाधिकारी वा केन्द्रीय समितिकै पनि निर्णयलाई अन्तिम नमानी महाधिवेशन वा साधारणसभामार्फत सैद्धान्तिक म्याण्डेट प्राप्त गरी केन्द्रीय समितिले निर्णय गर्नुपर्दछ । त्यसो गर्दा महासङ्घको कामको चाप र आवश्यकताअनुसार अध्यक्ष, महासचिव, कोषाध्यक्षलगायत केन्द्रीय सदस्यहरूलाई पनि पूर्णकालीन घोषणा गर्न सकिन्छ । त्यसका लागि आरम्भमा अध्यक्ष मात्र वा महासचिव र कोषाध्यक्षसमेतबाट प्रयोगको थालनी गर्न सकिन्छ । त्यसो गर्दा उनीहरूको स्पष्ट कार्यविवरण तयार गरी पत्रकारिता वा मिडियाकर्म गर्न पाउने पेशा तथा व्यवसायको अधिकारलाई सुरक्षित राख्दै महासङ्घलाई आवश्यक परेको बेलामा जुनसुकै बखत पनि समय दिनुपर्ने व्यवस्था गर्नुपर्छ । त्यसवापत ती पूर्णकालीन पदाधिकारीहरूलाई पारितोषिक तथा आवश्यक अन्य सुविधा दिनुपर्छ । यसलाई जागीर वा पारिश्रमिकका रूपमा नभई सम्मानजनक शीर्षकअन्तरगत जीवननिर्वाहको लागि आधारभूत भत्ता वा पारितोषिकको रूपमा सबैले स्वीकार गर्नुपर्छ । यसो गर्दा पारितोषिक लिएका कारणले हुने सार्वजनिक जवाफदेहिता महसुस मात्र हुँदैन, महासङ्घप्रतिको थप दायित्ववोध पनि हुन्छ । त्यसबाहेक अहिले जसरी यातायात खर्च, दैनिक भत्ता आदिको व्यवस्थालाई भने कायमै राख्नुपर्छ । सचिवालयलाई व्यवस्थित गरेर त्यसमार्फत दैनिक कामकारवाही चलाउने र नीतिगत नेतृत्व मात्रै निर्वाचित नेतृत्वले दिने व्यवस्थालाई भने यस्तो अवस्थामा पनि व्यावसायिक तवरले सङ्गठन सञ्चालन गर्नुपर्दछ । यसा भएमा पेशागत क्षमता भएका व्यक्तिहरूका लागि महासङ्घएक आकर्षक कार्यस्थल बन्न सक्छ र बजारबाट प्रतिस्पर्धी क्षमताका आधारमा कर्मचारीहरू छनोट गर्ने वातावरण तयार हुन्छ ।

महासङ्घको उद्देश्य प्राप्तिका लागि नेतृत्वको लगनशीलता बढाउनुका साथै क्षमता, योग्यता र दृष्टिकोणयुक्त श्रमजीवीहरूलाई महासङ्घको नेतृत्वमा आकर्षित गर्नका लागि पनि पारितोषिकको व्यवस्था सकारात्मक कदम हुने छ । राज्यको पुनःसंरचना भएपछि विकास हुने नयाँ परिस्थितिमा महासङ्घको सङ्गठनात्मक पुनःसंरचना गर्ने सन्दर्भमा पनि यो अभ्यासले सहजता नै थप्ने छ ।

यसो भएमा महासङ्घमा मानव संशाधन योजनासहित कर्मचारी र सचिवालयको व्यवस्था गर्न सकिन्छ । त्यो अवस्थामा नेतृत्वप्रति पारदर्शीता, लगनशीलता र स्फूर्तिका साथ कर्मचारी पनि परिचालित हुने अवस्था बन्न जान्छ । फतलः महासङ्घको सचिवालय अव्यस्थित भयो भन्दै आफ्नो निहीत स्वार्थ पूरा गर्न चाहनेहरूका लागि एक व्यावहारिक, व्यावसायिक र संस्थागत जवाफ कार्यप्रणालीका आधारमा स्पष्ट दिई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमै थप विश्वसनीयता आर्जन गर्ने अवसरको ढोका खोल्न सकिन्छ ।

## ३ प्रेस स्वतन्त्रताको अवस्था

प्रेस स्वतन्त्रताको महत्वलाई आत्मसात गरी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि तथा घोषणापत्रका साथै राष्ट्रियरूपमा संविधान तथा ऐन निर्माण गरिएका छन् । सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसङ्घको महासभाले जारी गरेको मानवअधिकारको विश्वव्यापी घोषणापत्रले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रलाई आधारभूत मानवअधिकारको रूपमा व्याख्या गऱ्यो । घोषणापत्रको धारा १९ मा "प्रत्येक व्यक्तिलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार छः यसअतर्गत बिना कुनै हस्तक्षेप स्वतन्त्रतापूर्वक विचार राख्न पाउने र बिना कुनै अवरोध जुनसुकै सञ्चारमाध्यममार्फत सूचना वा विचार खोजी गर्ने, प्राप्त गर्ने र सम्प्रेषण गर्ने अधिकार पर्दछ" भन्ने उल्लेख गरियो । त्यसैगरी सन् १९६६ मा संयुक्त राष्ट्रसङ्घबाट पारित नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय अभिसन्धिको धारा १९ ले पनि सबैलाई बिना कुनै अवरोध विचार तथा अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको छ । सूचना तथा विचार सम्प्रेषणको अधिकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको एउटा महत्वपूर्ण पक्ष हो । विविध विचार र सूचनाको सहज प्रवाह पनि अभिव्यक्ति र प्रेस स्वतन्त्रतासँग सम्बन्धित छ । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी अधिकारको प्रयोग गर्ने क्रममा अरूको अधिकारको सम्मान गर्ने र राष्ट्रिय सुरक्षा वा सार्वजनिक सुव्यवस्थालाई ख्याल गरिनुपर्ने केही स्वीकारयोग्य बन्देजको पनि व्यवस्था अन्तर्राष्ट्रिय महासन्धिले गरेका छन् । ती अन्तर्राष्ट्रिय महासन्धिहरूलाई नेपालले पनि अनुमोदन गरिसकेको छ ।

लोकतन्त्र, गणतन्त्र, सङ्घीयता, समावेशिता र सामाजिक न्यायका मुद्दालाई स्थापित गर्दै २०६२/०६३ को जनआन्दोलन सम्पन्न भएयता एक दशकको अवधिमा नेपाली मिडिया क्षेत्रमा केही महत्वपूर्ण उपलब्धि भएका छन् । पछिल्लो तीन वर्षमा नेपाली मिडिया जगत्ले दीर्घकालीन महत्व राख्ने केही उपलब्धि हासिल गरेको छ । कतिपय राज्यका नीतिगत चुनौतीलाई रोकेर प्रेसलाई सुरक्षित राख्ने काममा महासङ्घले सफल अगुवाइ गरेको छ । यस सन्दर्भमा यहाँ नेपालमा प्रेस स्वतन्त्रताको अवस्थाको विश्लेषण गरिएको छ भने पत्रकार महासङ्घको प्राथमिकताका विषयहरूलाई अलग्गै उपशीर्षकमा बुँदागत प्रस्तुत गरिएको छ ।

### ३.१ नेपालमा प्रेस स्वतन्त्रताको अवस्था विश्लेषण

संवैधानिक तथा कानूनीरूपमा प्रेस स्वतन्त्रता सुनिश्चित गरिए पनि संसारभरि नै प्रेस स्वतन्त्रता तथा आमसञ्चार अधिकार हननका घटनाहरू भइरहेका हुन्छन् । नेपालमा पनि त्यही स्थिति रहेको छ । आमसञ्चारमाध्यमका अधिकार हननका मूलभूत रूपमा तीन प्रकृति छन्- १) पत्रकारविरूद्ध हुने आक्रमण, २) आमसञ्चार प्रतिष्ठान वा कार्यथलो वा भौतिक संरचनामाथिको आक्रमण र साधनमाथिको आक्रमण, ३), कानूनी र नैतिक बन्देज । यहाँ प्रेस स्वतन्त्रताको अवस्थाको विश्लेषण गर्ने क्रममा यसबीचमा हासिल भएका केही उपलब्धिहरूका साथै कतिपय यसबीचमा महासङ्घ ले सामना गरेका चुनौतीपूर्ण सन्दर्भहरूको पनि विश्लेषण गरिएको छ । उपलब्धिहरूलाई सूचीवद्धरूपमा प्रस्तुत गरिएको छ भने अन्य केही विषयहरूलाई अलग अलग उपशीर्षकमा चर्चा गरिएको छ ।

#### ३.१.१ उपलब्धिहरूको संक्षिप्त सूची

नेपाली मिडिया क्षेत्रको संख्यात्मक तथा गुणात्मक विकासको गति कायम छ । सञ्चारमाध्यमको संख्या वृद्धिसँगै पत्रकारहरूको संख्या नि बढेको छ । प्रेस काउन्सिल नेपालको वार्षिक प्रतिवेदन २०७२/७३ का अनुसार नेपालभर दर्ता भएका कूल ३७९५ मध्ये २२.११ प्रतिशत पत्रपत्रिका प्रकाशित भएका छन् । २०७४ साल साउन १५ गतेसम्म ७९० वटा अनलाइन दर्ता भएका छन् । सूचना तथा सञ्चार मन्त्रालयबाट प्राप्त जानकारीअनुसार ७४० एफएम रेडियो र ११६ वटा टेलिभिजनले प्रसारणको इजाजत प्राप्त गरेका छन् । पत्रकारहरूको संख्या हेर्ने हो भने नेपाल पत्रकार महासङ्घको २५औं महाधिवेशनसम्म आइपुग्दा यसका सदस्यहरूको संख्या १३ हजारभन्दा बढी पुगेको छ । मिडिया र पत्रकारहरूको यो उत्साहजनक उपस्थिति नेपाली पत्रकारिता जगतका लागि आफैंमा एक उपलब्धि हो ।

मुलुकको मूल कानून अर्थात संविधान नै अन्तरिम रहेको यस अवधि राजनीतिक तथा कानूनी दृष्टिले निकै तरल अवस्थामा थियो । सम्पूर्ण राज्य संयन्त्र तथा मुलुकको सञ्चालनको मानसिकता नै संक्रमणकालको व्यवस्थापनतर्फ केन्द्रित थियो । यस्तो अवस्थाका बीचमा यही समयमा केही महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन्; तिनलाई यसरी सूचीवद्ध गर्न सकिन्छ -

- पूर्ण प्रेस स्वतन्त्रतालाई प्रस्तावनामा नै समेटेर प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूतिसहितको संविधानसभाबाट नयाँ संविधानको घोषणा;
- पत्रकार महासङ्घ सहित नेपाली मिडिया जगत्ले उठाउँदै आएका मुद्दाहरूलाई संबोधन गर्दै नयाँ राष्ट्रिय आमसञ्चार नीति, २०७३ जारी;

- मूलतः छापामाध्यममा केन्द्रित रहेको एक दशक पुरानो पत्रकार आचारसंहितालाई विस्थापित गर्दै छापा, रेडियो, टेलिभिजन र अनलाइनसमेतलाई समेट्ने गरी सैद्धान्तिक दृष्टिले अन्तर्राष्ट्रिय अभ्यास एवम् व्यवहारिकरूपमा नेपाली समाजको आवश्यकतालाई सम्बोधन गर्दै समयानुकूल नयाँ पत्रकार आचारसंहिता २०७३ जारी;
- पत्रकारहरूको सामाजिक सुरक्षाका दृष्टिले केही सुखद् शुरुवात, जस्तै :- पत्रकार दुर्घटना बीमा, जेष्ठ पत्रकार सम्मान वृत्ति, पत्रकार सन्तति शैक्षिक वृत्ति, स्वास्थ्य उपचारमा छुट, २९ लाख रूपैयाँको अक्षय कोषसहित आपतकालीन राहत कोषको स्थापना, पत्रकार कल्याण कोषको रकममा झण्डै दोब्बर बृद्धि गरी करिव डेढ करोड पुऱ्याइनु, आदि ।
- श्रमजीवी पत्रकारहरूको न्यूनतम पारिश्रमिक रकममा दोब्बर बृद्धि जस्ता श्रमजीवी पत्रकार ऐन कार्यान्वयन र पत्रकारको पेशागत सुरक्षाको अवस्थामा सबलता ।
- पत्रकारको भौतिक सुरक्षातर्फ केही सकारात्मक उपलब्धि, जस्तै :- पत्रकार हत्याका घटना नहुनु, संख्यात्मकरूपमा पत्रकारमाथिका आक्रमणमा केही कमी आउनु र कतिपय घटनामा आक्रमणका दोषीहरू कारवाहीको दायरामा आउनु ।
- प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी नयाँ साझा मानदण्ड जारी गरी अनलाइन तथ्यांक व्यवस्थापनको प्रविधिको थालनी, पत्रकार सुरक्षा रणनीति र संयन्त्रको निर्माण ।
- नेपाली मिडियामा लगानीको पारदर्शिताको प्रवर्द्धन, मिडियामा एकाधिकार र सघनताको अन्त्य, समाचार कक्ष र विषयवस्तुमा बहुलता–विविधताको प्रवर्द्धन, प्रशिक्षण प्रतिष्ठान र स्वनियमनकारी निकायको स्थापना, विदेशी टेलिभिजनको विज्ञापनरहित (क्लीन फिड) प्रसारण र ध्वनीकरण (डबिङ) को अन्त्यका साथै समानुपातिक विज्ञापन जस्ता नीतिगत विषयमा स्पष्टता र बुझाइमा एकरूपता कायम ।

### ३.१.२ नयाँ संविधानमा प्रेस स्वतन्त्रता

दोस्रो संविधानसभाले २०७२ असोज ३ गते जारी गरेको नेपालको संविधानले प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गर्नु नेपाली प्रेस जगतको लागि गौरवको विषय हो । यसअलावा संविधानमा स्वतन्त्रताको हक, सञ्चारको हक र सूचनाको हकलाई मौलिक हकमै राखेर विभिन्न स्पष्ट व्यवस्थाहरू गरिएका छन् । यो नेपाली प्रेस स्वतन्त्रता मात्र नभएर समग्र नागरिक स्वतन्त्रताकै लागि अभूतपूर्व उपलब्धिको विषय हो ।

स्वतन्त्रताको हकअन्तर्गत धारा १७ (१) मा कानून बमोजिमबाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन भन्ने उल्लेख गरिएको संविधानको धारा १७ (२) ले प्रत्येक नागरिकलाई देहायको स्वतन्त्रता प्रदान गऱ्यो - (क) विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, (ग) राजनीतिक दल खोल्ने स्वतन्त्रता, (घ) सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, (ङ) नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, (च) नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता । यी सबै स्वतन्त्रताहरूमध्ये विचार र अभिव्यक्तिको स्वतन्त्रता नेपाली प्रेसको लागि सर्वाधिक महत्वको विषय बनेर रहेको छ । यसलाई संविधानले प्रतिबन्धात्मक वाक्यांशमार्फत संकुचित गर्न खोजेका केही विषयमा महासङ्घले आफ्नो स्पष्ट असन्तुष्टि तथा विरोध जनाउनुपर्ने अवस्था आए पनि समग्रमा यो धाराले नागरिकका स्वतन्त्रताहरूलाई कुण्ठित नगर्ने मार्ग प्रशस्त गरेको छ ।

सञ्चारको हकलाई संविधानको धारा १९ ले उपधारा (१) मा यसरी प्रत्याभूत गरेको छ– विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन । उपधारा (२) ले कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने प्रत्याभूति दिएको छ भने उपधारा (३) ले कानूनबमोजिम बाहेक कुनै छापा, विद्युतीय प्रसारण तथा टेलिफोन लगायतका सञ्चार साधनलाई अवरूद्ध नगरिने उल्लेख गरेको छ । यस धारामा भएका व्यवस्थाहरूका पनि प्रतिबन्धात्मक वाक्यांशमार्फत संवैधानिक सीमा तोकिएको भए पनि यो धाराको अलग र विस्तृत व्यवस्था आफैंमा नेपाली प्रेसका लागि उपलब्धिको विषय हो ।

सूचनाको हकको व्यवस्था संविधानको धारा २७ मा गरी प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरिएको छ तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य नपारिने कुरा पनि सोही धारामा उल्लेख गरिएको छ । गोपनीयताको हकलाई त्यसलगत्तै धारा २८ मा राखेर कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानूनबमोजिम बाहेक अनतिक्रम्य हुने व्यवस्था र गरिएको छ । यहाँनिर सूचनाको हकको सीमा समाप्त भई गोपनीयताको हकको सीमा प्रारम्भ हुने विन्दु निर्धारण गर्ने काममको विस्तृतीकरण आगामी दिनहरूमा निर्माण वा संशोधन गरिने कानूनहरूमार्फत हुने स्पष्ट देखिन्छ । त्यसतर्फ महासङ्घको सचेत सरोकार र सतर्कता भने निरन्तर कायम रहनुपर्दछ ।

सङ्घीय र प्रादेशिक संसदको विशेषाधिकारको रूपमा केही व्यवस्थाहरू पनि गरिएका छन् । धारा १०३ (१) मा सङ्घीय संसदको दुवै सदनमा पूर्ण वाक् स्वतन्त्रता रहने र १०३ (३) मा सङ्घीय संसदको कुनै सदनको कुनै पनि कारबाहीमाथि त्यसको असल नियतबारे शंका उठाई कुनै टीका-टिप्पणी गरिने छैन र कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी-जानी गलत वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन वा प्रसारण गर्न पाइने छैन भनिएको छ । यस्तै व्यवस्था प्रदेश सभाका हकमा धारा १८७ (१) र (३) मा गरिएको छ ।

धारा १२८(४) मा सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने व्यवस्था छ । संविधानको धारा २७३ मा संकटकालीन व्यवस्था रहेको छ, जसको उपधारा (१०) मा संकटकालीन अवस्थाको घोषणा वा आदेश बहाल रहेसम्मका लागि मौलिक हक निलम्बन गर्न सकिने भए पनि केही हकहरूलाई निलम्बन नगरिने संवैधानिक प्रत्याभूति गरिएको छ । त्यसरी निलम्बनमा नपर्नेमा सञ्चारको हकअन्तरगत धारा १९ (२) पनि रहेको छ, जसमा कुनै माध्यमलाई बन्द, जफत वा दर्ता खारेज गर्न नपाइने व्यवस्थासमेत परेको छ ।

## ३.१.३ राष्ट्रिय आमसञ्चार नीति

राष्ट्रिय सञ्चार नीति २०४९ लाई खारेज गर्दै राष्ट्रिय आमसञ्चार नीति, २०७३ जारी भएको छ । आमसञ्चारका क्षेत्रमा भएको तीव्र विकास र विस्तार एवं नयाँ संवैधानिक व्यवस्थालाई समेत सम्बोधन गर्ने गरी राष्ट्रिय आमसञ्चार नीति जारी हुनुपर्ने माग नेपाल पत्रकार महासङ्घले उठाइरहेको थियो । मन्त्रिपरिषद्को २०७३ साउन ७ गतेको वैठकले स्वीकृत गरी जारी गरेको नयाँ नीतिले जनताको अभिव्यक्ति स्वतन्त्रताको हकलाई प्रचलन गराउन महत्वपूर्ण व्यवस्थाहरू समेटेको छ । यसमा स्वच्छ, निष्पक्ष, लोकतान्त्रिक मान्यतामा आधारित आत्मनिर्भर, जवाफदेही र उत्तरदायी आमसञ्चारका माध्यमद्वारा जनताको सुसूचित हुने अधिकार सुनिश्चित गरी सभ्य र समृद्ध समाज स्थापना गर्नेलगायतका ९ वटा विशिष्टीकृत एवं २६ बुँदे आधारभूत नीति तथा अन्य विषयगत नीति समेटिएका छन् ।

यस नीतिले कन्भर्जेन्स मिडिया, सञ्चारमाध्यमको वर्गीकरण, सार्वजनिक स्वनियमन र स्वमूल्यांकन, सम्पादकीय नीतिको सार्वजनिकीकरण, पूर्वाधार र प्रविधिबाहेक विदेशी लगानीलाई प्रोत्साहन नगर्ने, मिडिया एकाधिकार र मिडिया सघनता (मिडिया कन्सनट्रेसन) लाई निरूत्साहित गर्ने, विदेशी टेलिभिजन च्यानललाई विज्ञापनरहित बनाउने, नेपालमा प्रकाशन, प्रसारण र प्रदर्शन गरिने विज्ञापनहरूमा ध्वनीकरण गरिएका विज्ञापनमा रोक लगाउनेजस्ता दीर्घकालीन महत्वका व्यवस्थाहरू गरेको छ । यस्तै आमसञ्चार नीतिले राष्ट्रिय सार्वजनिक सेवा प्रसारक, पुनर्संरचनासहितको प्रेस काउन्सिल, राष्ट्रिय आमसञ्चार प्राधिकरण, राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान, आमसञ्चारसम्बन्धी अध्ययन अनुसन्धान प्रतिष्ठान तथा आमसञ्चार सङ्ग्रहालय जस्ता पत्रकारिताको स्वनियमन तथा प्रबर्द्धन सम्बन्धी निकायहरूको परिकल्पना गरेको छ । फ्रिक्वेन्सीलाई राष्ट्रिय स्रोत मानी सोही आधारमा राष्ट्रिय फ्रिक्वेन्सी बाँडफाड तथा वितरण योजना बनाइने, एफएम रेडियो र टीभीका फ्रिक्वेन्सीलाई सार्वजनिक सेवा प्रसारण, सामुदायिक प्रसारण र ब्यापारिक प्रसारणका लागि बाँडफाँड गर्ने एवं एफएम रेडियोलाई प्रदान गरिएको फ्रिक्वेन्सीको अवधि १८ वर्षको रहने जस्ता व्यवस्था पनि नयाँ नीतिमा समेटिएका छन् ।

आमसञ्चार नीतिको उद्देश्य नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकलाई आत्मसात गर्दै मुलुकलाई सूचना तथा ज्ञानमा आधारित सूचना-समाजमा रूपान्तरण गरी लोकतान्त्रिक समाजको विकास गर्ने, आमसञ्चार क्षेत्रको गुणस्तर वृद्धि गरी पत्रकारिताप्रतिको विश्वसनियता अभिवृद्धि गर्ने, आमसञ्चारमाध्यममा सबै वर्ग, क्षेत्र, जाति, भाषा, लिङ्ग र समुदायको पहुँच बढाई स्वच्छ जनमत निर्माण गर्ने प्रभावकारी माध्यमका रूपमा सञ्चार क्षेत्रको विकास गर्ने, समावेशिता अभिबृद्धि गर्ने, स्वनियमन र स्वमूल्याङ्कनका लागि अभिप्रेरित गरी स्वच्छ, स्वस्थ र मर्यादित पत्रकारिताको विकास गर्ने, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै जनताको जीवनस्तर उठाउन सहयोगी माध्यमका रूपमा सूचना तथा सञ्चार प्रणालीको विकास गर्ने रहेको छ ।

## ३.१.४ पत्रकार आचारसंहिता, २०७३

२०५५ सालदेखि कायम रहेको प्रेस काउन्सिल र पत्रकार महासङ्घले एउटै साझा आचारसंहिता जारी गर्ने अभ्यासलाई निरन्तरता दिँदै पत्रकार महासङ्घको सहमतिमा प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता, २०७३ जारी गऱ्यो । पत्रकारिताका माध्यम, प्रविधि र अवधारणामा भएको विकास र विस्तारले सिर्जना गरेको अवसर र चुनौतीलाई मनन गर्दै पत्रकारितामा विकास भएका नयाँ आयामलाई सम्बोधन गर्न र सान्दर्भिक बनाउन जारी गरिएको नयाँ आचारसंहिताको प्रस्तावनामा विचार र अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको हक, प्रेस स्वतन्त्रता लगायत नागरिकका आधारभूत अधिकारको संरक्षण, संवर्द्धन र प्रचलनका लागि पत्रकारिताका सिद्धान्त, अन्तर्राष्ट्रिय मूल्य मान्यताका आधारमा पत्रकारिताको व्यवासायिक अभ्यासलाई उच्च पेशागता, मर्यादित, जवाफदेही एवम् उत्तरदायी बनाई राष्ट्र र समाजका हितका लागि जारी गरिएको उल्लेख छ । आचारसंहिताको दफा ४ मा पत्रकार र सञ्चारमाध्यमको कर्तब्य अन्तर्गत १५ वटा बुँदा र दफा ५ मा पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने कामअन्तर्गत १५ वटा बुँदा उल्लेख गरिएका छन् ।

यस आचार संहितामा पेशागत मर्यादा तथा व्यवहारलाई विभिन्न तीन वटा खण्डमा उल्लेख गरेर फराकिलो बनाउने काम भएको छ भने सम्पादकीय स्वतन्त्रताको सम्मानका बारेमा सम्पादक र सञ्चारमाध्यम सञ्चालक दुवै पक्षलाई शिक्षित नै गर्ने गरी उल्लेख गरिएको छ । भ्रमण तथा लेखनवृत्तिमा पारदर्शिता, राष्ट्रिय विपद्मा संयम, मत सर्वेक्षणमा सतर्कता, अन्तर्वार्तामा सजगता र अनलाइन सञ्चारमाध्यमको

जिम्मेवारीका बारेमा तोकेका पत्रकार र सञ्चारमाध्यमको कर्तब्य आचारसंहिताका नितान्त नयाँ विषयवस्तुका रूपमा आएका छन् ।

यसै गरी पत्रकार तथा सञ्चारमाध्यमले गर्न नहुने कामअन्तरगत उल्लेख गरिएका आचारसंहितामा भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण, पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचनाको सम्प्रेषण, घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख, फोटो तथा दृश्यको गलत प्रयोग, विज्ञापनलाई समाचार र समाचारलाई विज्ञापनका रूपमा प्रस्तुति जस्ता विषयमा विगतको तुलनामा विस्तारमा उल्लेख गरिएको छ । यसअलावा, अनलाइन माध्यमहरूमा पोष्ट डिलिट, अनुचित दवाव वा सम्बन्ध, प्रविधिको अदृश्य प्रयोग, न्याय निरूपणमा प्रभाव, पेशागत मर्यादाविपरित उपहार र पुरस्कार ग्रहण, मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर र जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जनाजस्ता विषयमा समाजको सामयिक परिवर्तनलाई आत्मसात गर्न नैतिक दवाव पुग्ने खालका नवीन आचरण निर्धारण गरिएका छन् ।

नेपालमा रहेका सबैखाले सञ्चारमाध्यमका साथै तिनमा कार्यरत, स्वतन्त्र र नेपालमा रहेका विदेशी सञ्चारमाध्यमका प्रतिनिधिका हकमा पनि लागू हुने यो आचारसंहिताको आधारभूत सिद्धान्त र व्याख्या अन्तर्राष्ट्रिय तहमा प्रचलित आचारसंहिताको मूल सिद्धान्तसँग मेल खाने खालको छ । विगतको तुलनामा यसले अनलाइन, रेडियो, टेलिभिजनजस्ता सञ्चारमाध्यमलाई थप स्पष्टताका साथ संबोधन गर्ने प्रयास गरेको छ भने आचारसंहिताको दायरालाई पनि फराकिलो बनाएको छ र विभिन्न विशिष्ठीकृत आचारसंहिताहरूमार्फत यसलाई थप फराकिलो बनाउँदै जान सकिने मार्ग पनि यस आचारसंहिताले नै तय गरिदिएको छ ।

### ३.१.५ अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका, २०७३

अनलाइन पत्रकारिताको विकाससँगै यसलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता हुनु स्वाभाविकै हो । नेपाली मिडिया क्षेत्रको सरोकारको यस्तो विषयमा सरकारी निकायले पनि यसमा गृहकार्य अघि बढायो । त्यसमा व्यापक बहस भइरहेकै बेला सरकारले २०७३ असारको पहिलो हप्ता एकतर्फीरूपमा सुशासनसम्बन्धी ऐनलाई टेकेर अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका जारी गर्‍यो । त्यसले प्रेस स्वतन्त्रतालाई संकुचन गर्नुका साथै भर्खरै फस्टाउन लागेको अनलाइन माध्यमलाई धरासायी पार्ने ठहर गर्दै पत्रकार महासङ्घले त्यसको खारेजीको अभियान चलायो ।

तत्कालीन सरकार त्यसबाट पछि हटे पनि त्यसैका केही बुँदा समेटेर पुरानै व्यवस्थाबमोजिम नयाँ सरकारले २०७३ चैत्र ७ गते नयाँ अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका जारी गरेरै छाड्यो । अनलाइन सञ्चारमाध्यमको दर्ता, नवीकरण र सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक भएकोले सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी सरकारले यो जारी गरेको हो । महासङ्घ लगायत सञ्चार क्षेत्रबाट यसप्रति असहमति जारी रहे पनि र यसविरूद्ध अदालतमा समेत चुनौति दिइएको भएपनिसरकारले यसको कार्यान्वयनलाई अघि बढाइरहेको छ ।

### ३.१.६ अदालतको अवहेलनासम्बन्धी कानून

संविधानले कानून बमोजिम अदालतको अवहेलनामा कारवाही चलाई सजाय गर्न सक्ने अधिकार अदालतलाई  प्रदान गरेको सन्दर्भमा त्यसलाई ऐनद्वारा व्यवस्था गर्न भनेर सरकारले २०७१ साल असार ६ गते अदालतको अवहेलनासम्बन्धी विधेयक संसदमा दर्ता गराएको थियो । तर, विधेयकका कतिपय विषयवस्तु प्रेसलाई अदालतमा पहुँचबाट रोक्ने, सूचना सम्प्रेषणमा संकुचित गर्ने र एक किसिमले अदालतलाई आलोचनाभन्दा माथि राख्ने खालको रहेको पाइएपछि नेपाल पत्रकार महासङ्घ, बार एशोसिएसनलगायतबाट चर्को विरोध भयो ।

परिणामतः यो विधेयक नेपालको संसदीय इतिहासमै पहिलो पटक नेपाली जनताको राय लिन नेपाल राजपत्रमा प्रकाशित गरी सार्वजनिक गरियो । महासङ्घ र बार एशोसिएसनसमेतको सहकार्यमा संसद सचिवालयबाट केन्द्रमा सभामुखकै उपस्थितिमा र देशका पाँच विकास क्षेत्रमा सरोकारवालाबीच बृहत छलफल गरी राय सुझाव लिइयो । विधेयक यथारूपमा पारित गरिए अदालतको रचनात्मक आलोचनाको ढोकासमेत बन्द हुने र प्रेस स्वतन्त्रता पनि संकुचित गर्ने भएकोले त्यसमा व्यापक सुधार हुनुपर्ने रायसहितको प्रतिवेदन संसद सचिवालयले प्रस्तुत गरियो । त्यसपछि सो विधेयक संसदीय प्रक्रियामा अगाडि बढेको छैन ।

सो अभियानको परिणामस्वरूप विगतमा रहेको अदालतको अवहेलनासम्बन्धी व्यवस्थालाई परिवर्तन गरी नयाँ संविधानमा नै अदालतको अवहेलनामा कारवाहीको व्यवस्था गरियो । त्यसअनुसार संविधान धारा १२८ (४) 'सर्वोच्च अदालतले आफ्नो वा मातहतको अदालतको न्यायसम्पादनको कार्यमा कसैले अवरोध गरेमा वा आदेश वा फैसलाको अवज्ञा गरेमा कानून बमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्नेछ' भन्ने व्यवस्था गरियो भने उच्च अदालतका हकमा धारा १३९ (२) मा यस्तै व्यवस्था गरियो । प्रेस स्वतन्त्रतालाई संकुचित गर्ने गरी अदालतको अवहेलना विधेयक संसदमा दर्ता भएकोमा प्रेसजगतको सशक्त प्रतिरोधमार्फत नेपालको संसदीय इतिहासमै पहिलो पटक विधेयकलाई जनताको रायका लागि पठाइनु र सो विधेयकलाई पुनः संसदमा लैजाने आँटसमेत सरकारले गर्न नसक्ने स्थिति कायम हुनुलाई प्रेस स्वतन्त्रताको संरक्षणका सन्दर्भमा एउटा उत्साहवर्द्धक तथा उपलब्धिमूलक घटनाका रूपमा लिन सकिन्छ ।

### ३.१.७ स्वतन्त्र प्रेसको भौतिक सुरक्षा

आमसञ्चारमाध्यमका अधिकारहरूको हननका मूलभूत दुई प्रकृति - १) पत्रकारविरूद्ध हुने आक्रमण, २) आमसञ्चार प्रतिष्ठान वा कार्यथलो वा भौतिक संरचनामाथिको आक्रमण र साधनमाथिको आक्रमण- का बारेमा यहाँ संक्षिप्तमा चर्चा गरिन्छ। त्यसो त पत्रकारहरूको मनो-सामाजिक र तथ्यांकको सुरक्षाका साथै पत्रकार महिलाहरूको सुरक्षाको विशेष पक्ष पनि भौतिक सुरक्षाकै सन्दर्भमा पर्न नआउने होइन। यहाँनिर भने खास गरी पत्रकार र सञ्चारमाध्यम तथा उपकरणहरूको भौतिक सुरक्षाको कोणबाट चर्चा गरिएको हो।

सबै प्रकारको यातनालाई विश्वभरि नै रोक्ने प्रयोजनका लागि संयुक्त राष्ट्रसङ्घीय महासभाले १० डिसेम्बर १९८४ मा यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरूद्धको महासन्धि जारी गरी १९८७ देखि लागू गऱ्यो। यस महासन्धिमा नेपालले १४ मे १९९१ मा अनुमोदन गरी पक्ष राष्ट्र बनेको थियो। यस महासन्धिले पक्राउ परेका कुनै पनि व्यक्तिलाई शारीरिक र मानसिक यातना दिन नहुने व्यवस्था गरेको छ। नेपालको संविधान–२०७२ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा २२ मा यातना विरूद्धको हकको व्यवस्था गरिएको छ। सो धारामा पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार नगरिने वा गर्न नपाइने र यातना दिने काम कानूनबमाजिम दण्डनीय हुने र पीडितलले क्षतिपूर्ति पाउने हकको व्यवस्था गरिएको छ। यसका बाबजूद पनि नेपालमा पत्रकार वा नागरिक पक्राउ परिसकेपछि पनि यातनाको सामना गर्नुपर्ने अवस्था विद्यमान छ। यसरी पक्राउ परेका सञ्चारकर्मीलाई शारीरिक वा मानसिक यातना दिने काम पनि प्रेस स्वतन्त्रताको हनन नै हो।

सञ्चारकर्मी तथा पत्रकारविरूद्ध मात्रै होइन, सञ्चारगृह वा प्रतिष्ठान, कार्यथलो, भौतिक साधन तथा संरचनामाथि हुने आक्रमण पनि आमसञ्चार अधिकार तथा प्रेस स्वतन्त्रताको हनन हो। नेपालमा पनि विशेष गरी विभिन्न आन्दोलनका क्रममा सञ्चारगृह, सञ्चारमाध्यमका सवारी साधनमाथि तोडफोड हुने गरेको छ। नागरिकले सूचना प्राप्त गर्ने अवसरबाट वञ्चित हुने गरी भएका यस्ता घटना आमसञ्चार अधिकार तथा प्रेस स्वतन्त्राविरोधी घटनाहरू हुन्।

सशस्त्र द्वन्द्वको समाप्ति, लोकतान्त्रिक गणतन्त्राको स्थापनापछि पनि यसमा चुनौति कायमै छन्। लोकतान्त्रिक तथा गणतन्त्रात्मक कालमा पनि पत्रकार हत्या, धम्की, सांघातिक आक्रमणलगायत प्रेस स्वतन्त्रता हननका घटनाहरू श्रृंखलाबद्धरूपमा जारी रहेका छन्। विगतको तुलनामा पछिल्लो एक दशकको शान्तिपूर्ण राजनीतिक वातावरणमा भौतिक सुरक्षाको अवस्थामा निकै सुधार भएको देखिए पनि प्रतिकूलताहरू अद्यापि कायम रहेका छन्। नेपालमा प्रेस स्वतन्त्रताको अवस्था विगतभन्दा केही सुध्रिएको देखिए पनि सन्तोषजनक स्थिति कायम भइसकेको छैन।

### ३.१.८ पत्रकारको पेशागत सुरक्षा

पत्रकारको पेशागत सुरक्षा पत्रकार महासङ्घको प्राथमिकताको मुद्दा हो। न्यूनतम पारिश्रमिक निर्धारण तथा कार्यान्वयनलगायत श्रमजीवी पत्रकार ऐन २०५१ बमोजिमका सम्पूर्ण व्यवस्थाको कार्यान्वयन महासङ्घको अभियानकै रूपमा रहेको छ। अभियानकै परिणामस्वरूप श्रमजीवी पत्रकारका मुद्दालाई बेवास्ता गर्ने वा ऐन कार्यान्वयनमा उपेक्षा गर्ने प्रवत्तिमा निकै कमी आएको छ। न्यूनतम पारिश्रमिक निर्धारण समितिले २०७४ साउन १५ गते सरकारलाई बुझाएको प्रतिवेदनमा पनि पत्रकारलाई नियुक्ति दिने कार्यमा सुधार आएको देखाएको छ भने न्यूनतम पारिश्रमिकको भुक्तानी र समयमै पारिश्रमिक दिनेलगायतका ऐनका व्यवस्था कार्यान्वयनमा प्रगति हुँदै गएको छ। न्यूनतम पारिश्रमिक निर्धारण समितिका अनुसार न्यूनतम पारिश्रमिक पाउनेको संख्या ६७ दशमलव ७ प्रतिशत पुगेको छ।

नेपाल पत्रकार महासङ्घको अग्रसरतामा पत्रकारहरूको सामाजिक सुरक्षाका क्षेत्रमा पनि केही ठोस पहल भएका छन्। पत्रकार बीमा कार्यक्रम लागू गरिएको छ भने जेष्ठ पत्रकार सम्मान वृत्तिको प्रारम्भ गरिएको छ। पत्रकार कल्याण कोषमा रकम बृद्धि, आपतकालीन राहत कोषको स्थापना, पत्रकार सन्तति शैक्षिक बृत्ति कोषको सञ्चालन, स्वास्थ्य उपचार सहयोग र सरकारी अस्पतालमा ५० प्रतिशत छुटको व्यवस्था जस्ता क्रियाकलापहरूको निरन्तरता हुने हो भने यसले पनि पत्रकारहरूको पेशागत सुरक्षाका लागि योगदान पुऱ्याउने स्पष्ट छ।

### ३.१.९ पत्रकार महासङ्घको पुनः संरचना

मुलुकको शासन प्रणालीमा आएको परिवर्तन र राज्यको पुनःसंरचनाको सन्दर्भमा छलफल र बहसहरू चलिरहँदा नेपाल पत्रकार महासङ्घले भने विधान संशोधन गरेर महासङ्घको सङ्गठनात्मक ढाँचालाई केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सङ्घीय प्रणालीमा लगिसकेको छ। महासङ्घको विधानको चौथो संशोधन २०७३ ले व्यवस्था गरेको नयाँ सङ्गठनात्मक संरचनाले सङ्घीय प्रणालीमा लगेको हो। यसका साथै महासङ्घले समावेशीतालाई संस्थाको नीति निर्माण र नेतृत्व तहमा समेत आत्मसात गरिसकेको छ। महासङ्घको केन्द्रीय सभासदमा महिलाको उपस्थितिलाई फराकिलो तुल्याउने, प्रत्येक शाखामा कम्तीमा एक जना उपाध्यक्ष महिला अनिवार्य हुने नयाँ व्यवस्था कार्यान्वयनमै आइसकेको छ भने जातीय आधारको समावेशीकरण पनि महासङ्घ केन्द्रदेखि स्थानीय तहसम्म थप विस्तार भएको छ। महासङ्घ लाई ट्रेड युनियन संस्थाको रूपमा लैजान वैधानिक आधार तय भइसकेको छ। महासङ्घको विधानमा परिवर्तन गरी तीन तहको सङ्गठनात्मक ढाँचासहित महासङ्घको सङ्गठन संरचना तय गरिनु, नीतिनिर्माण र कार्यान्वयनमा महिला पत्रकारको उपस्थिति उल्लेख्य वृद्धि हुनु तथा साधारण सदस्यको संख्या नै करीब २ हजार ३०० पुग्नु, समुदायगत समावेशिता बढाउनु, ट्रेड युनियनको रूपमा

महासङ्घलाई रूपान्तरण गर्ने वैधानिक आधार तयार गर्नु जस्ता कार्यहरूले महासङ्घको पुनःर्संरचनामा महत्व राख्दछन् । महासङ्घको समावेशीकरणको कुरा गर्दा लैङ्गिक, जातीय, क्षेत्रीय, भाषिक कोणबाट बढी चर्चा हुने गरेको वर्तमान सन्दर्भमा यसका साथै विधागत समावेशीकरणलाई समेत जोडेर तथ्यांक राख्नुपर्ने आवश्यकता छ । यसका लागि महासङ्घको तथ्यांक व्यवस्थापन प्रणालीलाई व्यवस्थित र प्राविधिक रूपमा अद्यावधिक गर्नु उत्तिकै आवश्यक छ ।

## ३.२ प्राथमिकताका सात सवाल

महासङ्घका उद्देश्य प्राप्तिको यात्रामा आवश्यक पर्दा सूचनाको हक, विचार तथा अभिव्यक्ति स्वतन्त्रता र श्रमजीवी पत्रकारहरूको हितरक्षाका पक्षमा अनेक अभियान र आन्दोलनको अगुवाइ गर्दै आइरहेको पत्रकार महासङ्घ नागरिक अधिकारको पक्षमा एक सशक्त पेशागत सङ्गठनको पहिचान बनाउन सफल भएको छ । यसका बाबजूद पत्रकारहरूको भौतिक, पेशागत तथा मनो-सामाजिक सुरक्षा, सञ्चारगृह तथा सञ्चारकर्मीहरूका यन्त्र उपकरणको सुरक्षा तथा डिजटल तथ्यांकहरूको सुरक्षा; विभिन्न नयाँ कानूनहरूको निर्माण तथा पुराना कानूनहरूको संशोधन तथा परिमार्जन; राज्यका पत्रकारितासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न नयाँ निकायहरूको निर्माण तथा कतिपय पुराना निकायहरूको पुनःसंरचना; महासङ्घको आफ्नै सङ्गठनात्मक संरचना, सङ्गठन र सचिवालयमा सुधार; र, प्रेस स्वतन्त्रता, सूचनामा पहुँच; पत्रकारहरूको क्षमता अभिवृद्धि तथा सञ्चार क्षेत्रको दिगो विकाससँग विभिन्न मुद्दाहरूलाई सम्बोधन गर्दै महासङ्घ क्रियाशील रहेको छ । यी र यस्ता तमाम विषयहरूलाई सम्बोधन गर्नका लागि यिनको महत्व र औचित्यको वजनलाई ध्यान दिनुपर्ने हुन्छ । त्यही सन्दर्भमा महासङ्घले २०७१ असार २९ गते बसेको दोस्रो कार्यसमिति बैठकबाट 'उत्तरदायी पत्रकारिता सक्षम पत्रकार; श्रममैत्री सञ्चार सशक्त महासङ्घ' भन्ने मूल आह्वानका साथ तीन वर्षे कार्ययोजना नै तय गरेर प्राथमिकताका क्षेत्रहरू निर्धारण गरेको थियो । यी प्राथमिकताका क्षेत्रहरूका आधारमा महासङ्घले आगामी दिनमा अपनाउनुपर्ने रणनीतिक दृष्टिकोण निर्माण गर्नमा पनि भूमिका खेल्दछन् । तसर्थ तिनको बारेमा यहाँ संक्षिप्तमा चर्चा गरिएको छ ।

### ३.२.१ श्रमजीवी पत्रकारको हकहित र सुरक्षा

श्रमजीवी पत्रकारहरूको हकहितको विषय नेपाल पत्रकार महासङ्घको स्थापना हनुभन्दा अघिदेखि नै नेपाली पत्रकारहरूले उठाउँदै आएको विषय हो । वि.सं. २००८ सालमै नेपाल पत्रकार सङ्घको गठन गर्दा श्रमजीवी पत्रकारको हकहित गर्ने उद्देश्य राखिएको थियो र त्यस विषयमा सत्यनारायण बहादुर श्रेष्ठ अध्यक्ष रहेको पत्रका सङ्घको प्रतिनिधिमण्डलले गृह मन्त्रालय पुगेर ध्यानाकर्षण गराएको पनि थियो । यो विषय अहिले पनि नेपाली श्रमजीवी पत्रकारहरूको पेशागत हकहित र सुरक्षाको लागि केन्द्रीय प्रश्न नबनेर खडा नै छ । श्रमजीवी पत्रकारहरूको पेशागत हकहितका लागि श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि सञ्चार प्रतिष्ठान, व्यवस्थापन सम्बद्ध संस्था, पत्रकारिता क्षेत्रका विभिन्न संस्था तथा निकायका साथै श्रम कार्यालय, अदालत र संसदका विभिन्न समितिसम्म पुग्ने काम पत्रकार महासङ्घले गर्नुपरिरहेको छ । यस सन्दर्भमा आन्दोलन, अल्टिमेटम, वार्ता, आंशिक उपलब्धि र थप गतिविधि जारी छन् । महासङ्घ ट्रेड यूनियन हो भन्ने कुरा स्पष्ट रूपमा विधानमै उल्लेख गरेर आइसकेको सन्दर्भमा यसले उचित श्रम अभ्यासका क्रममा सामूहिक सौदावाजी गर्ने श्रमिक सङ्गठनको चरित्रलाई अझ दह्रो गरी समात्ने स्पष्ट छ । यसै क्रममा सरकारले तोकेको श्रमजीवी पत्रकारहरूको न्यूनतम पारिश्रमिक कार्यान्वयनको वातावरण क्रमशः सुदृढ बन्दै जाने अवस्था देखिन्छ ।

भौतिक सुरक्षाको कोणबाट हेर्ने हो भने पत्रकारको दुर्घटना बीमा भइसकेको छ । द्वन्द्वपीडित पत्रकार कल्याण कोष कार्यान्वयनको सम्मुख आइपुगेको छ । यसलाई छिटो कार्यान्वयनमा लैजान अझै मेहनत गर्नुपर्ने खाँचो छ । स्वास्थ्य बीमाको अवधारणामाथि छलफल चलिरहेको छ । पत्रकारको हत्या, बेपत्ता एवम् आक्रमणमा संलग्न व्यक्तिलाई कानूनी दायरामा ल्याउने, प्रेस स्वतन्त्रताको हनन्का घटना रोक्ने र दोषीलाई कारवाही गराउने, पत्रकारविरूद्धको हिंसा एवम् मिडियामा सेल्फसेन्सरसीपको अवस्थाको अन्त्यलगायत पत्रकारको भौतिक सुरक्षा र स्वतन्त्रताको जगेर्ना महासङ्घको निरन्तर क्रियाशीलताका विषय हुन् । पत्रकारको सुरक्षाको विषयलाई केन्द्रित गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडिया मिसनहरूको सञ्चालन र राष्ट्रिय मानव अधिकार आयोगसँग मिलेर पत्रकार सुरक्षाका निम्ति एउटा संयन्त्र गठनको गृहकार्य यस्तै क्रियाशीलताका परिणाम हुन् ।

### ३.२.२ सङ्गठनात्मक पुनर्संरचना र संस्थागत विकास

२०७२ सालको भूकम्प र त्यसपछिका परकम्पको घाउ केही पुरिएपछि र मुलुकले मूल कानून संविधान पाएपछि सङ्गठनका अन्य कार्य र सङ्घीय ढाँचालाई समेत दृष्टिगत गरी सङ्गठनात्मक पुनर्संरचनालाई अघि बढाउने कामले गति लिएको देखिन्छ । मुलुकको मूल कानून अर्थात् संविधान जारी भएसँगै महासङ्घको पुनर्संरचनाका लागि यसको विधान संशोधन गर्ने काम भएको छ ।

सङ्गठनात्मक पुनर्संरचना अन्तर्गत केन्द्र, प्रदेश र स्थानीय गरी तीन तहको सङ्गठनात्मक ढाँचामा लैजाने गरी विधान संशोधन भइसकेको छ । यस क्रममा समावेशीतालाई अझ सुदृढ गर्ने प्रयास गरिएको छ । आर्थिक पारदर्शिता कायम गर्न एक हजार रूपियाँभन्दा माथिका कुनै पनि बीलको भुक्तानी गर्नुअघि वेवसाइटमा राख्ने प्रणाली विकास गरिएको छ भने प्रशासनिक सुधारको प्रयास पनि अघि बढेको छ ।

महासङ्घलाई संस्थागत विकास र क्षमता अभिवृद्धि गर्न महासंघ केन्द्रीय कार्यालयको पहलमा इ–लाइब्रेरी स्थापना गर्ने र त्यसमा महासङ्घका सबै संरचनाहरूलाई पहुँच दिने गरी गैरआवासीय नेपाली सङ्घसँग सहकार्यको प्रक्रिया अघि बढिसकेको छ । शाखा भवन निर्माणलाई अभियानका रूपमा अघि बढाइएको छ ।

### ३.२.३ शुद्धीकरण र व्यावसायिक पत्रकारिता प्रवर्द्धन

स्वच्छ, मर्यादित एवम् उत्तरदायी पत्रकारिताको विकासका लागि महासङ्घभित्र र समग्र पत्रकारिता जगतमा शुद्धीकरण अभियान सञ्चालन गर्नु जरूरी छ । सदस्यता नवीकरणका सन्दर्भमा यस्ता केही पहल भएका छन् । आचारसंहिता पालनाका लागि प्रेस काउन्सिलमार्फत् अभियान चलाइएका छन् । नया सदस्यता वितरण र नवीकरणको थप कार्यक्रमसँगै नयाँ विधान र सङ्गठन निर्देशिकाबमोजिम सङ्गठन तथा पत्रकारिता शुद्धीकरणलाई निरन्तर अभियानको विषय बनाइनु आवश्यक छ । यसबाट समग्र पत्रकारिता पेशा र पत्रकारहरूको छवि निर्माणमा समेत योगदान पुग्ने निश्चित छ ।

### ३.२.४ पत्रकारको दक्षता अभिवृद्धि

पत्रकारको दक्षता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिमका कार्यक्रमहरू सञ्चालन गरिएका छन् । विभिन्न सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँको सहकार्यमा विविध तालिमका कार्यक्रम केन्द्र तथा जिल्ला स्तरको पहलमा भैरहेका छन् । महासङ्घले पत्रकारलाई दक्ष बनाउनु पर्ने आवश्यकता महसुस गरेर तालिम सञ्चालनका लागि छुट्टै प्राज्ञिक व्यावसायिक संस्था स्थापना गर्न आवश्यक महसूस गरेको छ । त्यसैबमोजिम 'राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान' स्थापनाको अवधारणा र कानूनको खाका समेत सरकारलाई बुझाइसकिएको छ । यसबारेमा प्रधानमन्त्रीदेखि सरोकारवाला मन्त्रीसमक्ष पटक–पटक औपचारिक अनौपचारिक कुराकानी भएका छन् । तर, पनि संस्था स्थापना हुन सकेको छन । यसैगरी आमसञ्चार क्षेत्रको अध्ययन अनुसन्धान तथा पुराना अभिलेख र उपकरणहरूको संरक्षणका निम्ति आमसञ्चार सङ्ग्रहालय तथा अध्ययन प्रतिष्ठान स्थापनामा पनि महासङ्घको पहल रहेको छ ।

### ३.२.५ मिडियाको प्रवर्द्धन र व्यावसायिक विकास

आमसञ्चार जगतलाई ज्ञानमा आधारित सेवा उद्योगको मान्यता दिन र सोही विकास गर्न आवश्यक सुविधा, सहुलियत र पूर्वाधारको व्यवस्था गर्न, पत्रकारद्वारा सञ्चालित, साना लगानी र स्थानीय तहका सञ्चारमाध्यमको उचित संरक्षण गर्न, सरकारी विज्ञापनको समुचित र समानुपातिक वितरण प्रणाली लागू गर्न, स्थानीय विज्ञापन स्थानीय सञ्चार माध्यमलाई नै उपलब्ध हुने व्यवस्था मिलाउन महासङ्घले ठोस अवधारणासहित योजना अघि बढाएको देखिन्छ । लोक कल्याणकारी विज्ञापनको बृद्धि यसै सन्दर्भमा एउटा पाइला हो । व्यावसायिक पत्रकारिताको प्रवर्द्धनका निम्ति पत्रकार आचारसंहितालाई सामयिक तुल्याउने क्रममा प्रेस काउन्सिलसँगको सहकार्यमा नयाँ आचार संहिता जारी गरिएको हो ।

नयाँ मिडिया नीतिका सन्दर्भमा यो बीचमा धेरै छलफल भएका छन् । सरकारले नयाँ नीति जारी गरिसकेको पनि छ । प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारण, निजी र सामुदायिक गरी तीन कोटमि वर्गीकरण गर्ने कुरा नीतिमा उल्लेख गरिसकिएको छ । त्यस्तै अनलाइन पत्रकारितालाई व्यवस्थित बनाउने सन्दर्भमा थुप्रै छलफल भएका छन् । यस सन्दर्भमा सरकारले गलत कानूनको जगमा टेकेर जारी गरेको निर्देशिका विवादकै बीचमा छ । लोककल्याणकारी विज्ञापन वापतको बृद्धि रकम अघिल्लो आर्थिक वर्षदेखि नै भुक्तानी गराउन सफलता मिलेको छ भने वर्गीकरणमा परेका सञ्चारमाध्यमलाई वर्गीकरण भएलगत्तैको आर्थिक वर्षबाटै लोककल्याणकारी विज्ञापन वापतको सुविधा पाउने र कुनै पत्रपत्रिका प्रकाशन अवधिमा परिवर्तन (जस्तैः साप्ताहिक पत्रिका दैनिक भएको) या स्थानान्तरण भएकै कारण त्यसअघि वर्गीकरणमा परेर प्राप्त गरिरहेको सुविधाबाट बञ्चित हुने अवस्था आउन नदिन पहल भैरहेको छ ।

आम सञ्चारका क्षेत्रमा बहुलता, विविधता, लैंगिक समानता र समावेशिताको अवधारणालाई मूर्तता दिने प्रयास जारी छन् । यस सन्दर्भमा विभिन्न घोषणापत्र, निर्देशिका तथा आचारसंहितामार्फत केही योगदान भएको छ । लोकतन्त्रका मुल खम्बा मानिने साना लगानीका मिडियालाई महासङ्घले विशेष ध्यान दिएको छ । खास गरी साना लगानीका मिडियाहरूको प्रबर्द्धनका लागि समानुपातिक विज्ञापन, स्तरोन्नतिका लागि विशेष प्याकेजका लागि पहल भइरहेको छ । त्यसका साथै जनताको प्रत्यक्ष पहुँचमा पुग्ने स्वतन्त्र रेडियोहरू समेत संख्या बढ्दै जाने तर स्थायीत्व नहुने कारणले गर्दा तिनमा कार्यरत श्रमजीवीहरू अलपत्र पर्ने अवस्था देखिएकाले सकेसम्म मर्जरको नीतिमा जान महासङ्घले आव्हानसमेत गरेको छ । सञ्चालन खर्च कम गर्न एउटै टावरबाट सञ्चालनका लागि समेत महासङ्घले आग्रह गरेको छ । त्यसका साथै टेलिभिजनलगायत मिडिया हाउसहरूलाई विशेष उद्योगसरह मान्यता दिनुपर्ने आवाज उठिरहेकै छ । महासङ्घले मिडिया हाउस प्रर्बद्धनका लागि गरेको आव्हान पूरा हुनुपर्ने कुराको पूर्वशर्तका रूपमा पत्रकारहरूको न्यूनतम पारिश्रमिकको अनिवार्य कार्यन्वयनको विषय उठिसकेको छ ।

### ३.२.६ प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवम् नीतिगत र कानूनी सुधार

सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका सन्दर्भमा अदालतको अवहेलना सम्बन्धी कानून निर्माणको नाममा प्रेसमाथि नियन्त्रण हुने

विधेयक संसदमा पुऱ्याएपछि महासङ्घको देशव्यापी विरोध अभियानमा शुरू भएको पछिल्लो तीन वर्ष अभियान एकपछि अर्को गर्दै टुङ्गोमा पुग्दै गएका छन् । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मान्यतालाई स्वीकार एवम् नयाँ संविधानमा त्यसलाई प्रत्याभूत गरिए पनि व्यवहारमा यसको कार्यान्वयन अहिले पनि जटिल छ । महासङ्घमा अभिलेख भएका सयौं प्रेस स्वतन्त्रता हननका घटनाले पनि त्यस्तो जटिलतालाई पुष्टि गरिरहेकै छन् । सम्पादकीय स्वतन्त्रता बलियो हुनेभन्दा खस्किँदो अवस्थामा छ भने दण्डहीनता र सेल्फ सेन्सरसीपलाई तोड्नैपर्ने अर्को चुनौती कायम छ ।

प्रेस स्वतन्त्रता हनन्का घटनाको प्रभावकारी अनुगमन प्रणाली स्थापना गरिएको छ । घटना विवरण अभिलेख गर्न व्यवस्थित मानदण्ड तयार गरिएको छ भने तत्काल घटना सार्वजनिक गर्न, अनुसन्धान र दोषीलाई कारवाही गराउन तथा पीडितलाई आवश्यक सहयोग गर्न सक्दो प्रयास गरिँदै आएको छ । यस सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगको नेतृत्वमा महासङ्घ सहितको छुट्टै अभिव्यक्ति स्वतन्त्रता संरक्षणसम्बन्धी संयन्त्र निर्माण गरी क्रियाशील गराउने गृहकार्य भइरहेको छ भने महासङ्घको संयोजनमा सरोकारवाला पक्ष र विज्ञलाई सहभागी गराई केन्द्र तथा केही जिल्लामा नमूनाको रूपमा त्यस्तै प्रकृतिको संयन्त्र निर्माण हुँदैछ । हत्या वा शङ्कास्पद मृत्यु भएका ३६ र बेपत्ताको सूचीमा रहेका ४ जना पत्रकारको बारेमा यथार्थ पत्ता लगाउने, दोषीलाई कानूनी दायरामा ल्याउने र पीडितलाई राहत दिने कार्यका लागि पनि महासङ्घले अभियान चलाइरहेको छ । बेपत्ताको खोजीका लागि अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे) सँगको सहकार्यमा वेवसाइट सञ्चालनसमेत गरिएको छ भने सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता नागरिकको खोजीका लागि गठित आयोगमा लिखित जानकारी गराई छलफल पनि गरिएको छ ।

नयाँ संविधान जारी भइसकेको अवस्थामा राज्यका विभिन्न कानून संशोधनका क्रममा छन् भने कतिपय नयाँ कानून बन्नुपर्ने आवश्यकता छ । तीमध्ये मिडियासँग प्रत्यक्ष सम्बन्धित कानूनका अलावा अन्य कानूनमा मिडियाका सरोकार जोडिएर आउने पक्षलाई पनि उत्तिकै चनाखो भएर ध्यान दिनुपर्ने आवश्यकता छ ।

### ३.२.७ नागरिक अगुवा संस्थाका रूपमा क्रियाशीलता

अदालतको अपहेलनासम्बन्धी विधेयकका सन्दर्भमा भएको उपलब्धि नागरिक अगुवा संस्थाका रूपमा भएको उपलब्धि पनि हो । यसमा महासङ्घले नेपाल बार एशोसिएशनसित मिलेर पहल गरेको थियो । मानव अधिकारको विश्वव्यापी घोषणा र अन्तर्राष्ट्रियरूपमा स्थापित मान्यतालाई पछ्याउँदै मुलुकको संविधान र कानूनले सूचनाको हकको प्रत्याभूति गरे पनि व्यवहारमा आत्मसात हुन नसकिरहेको सन्दर्भमा सार्वजनिक सूचनामा नागरिकको पहुँच र सञ्चारमाध्यममार्फत् यसको पूर्ण उपभोगको वातावरण बनाउन संस्थागत सुधार र सूचना संस्कृतिको निर्माणका लागि महासङ्घ क्रियाशील रहेको छ ।

नयाँ संविधान निर्माणमा दवाव दिन महासङ्घले विशेष अभियान नै चलायो । लोकतन्त्र र शान्तिका लागि पेशागत सञ्जाल (पापड) सँगको सहकार्यमा पनि यसले आफ्नो सशक्त भूमिका निर्वाह गऱ्यो । तोकिएकै मितिमा संविधान निर्माण गर्न र नयाँ संविधानमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई प्रत्याभूत गर्न महासङ्घले दबाबमूलक कार्यक्रमहरू सञ्चालन गऱ्यो । परिणामस्वरूप २०७२ असोज ३ गते मुलुकमा नयाँ संविधान जारी पनि भयो । यी र यस्ता तमाम मुद्दाहरू महासङ्घका सामने खडा छन् । यी र यस्ता कतिपय चुनौतीको सामना गर्न नेपाली पत्रकारहरूको अगुवा संस्थाका रूपमा थप सुदृढ हुनुको विकल्प छैन ।

## ४ रणनीतिक सवाल तथा अपेक्षित प्रतिफल

महासङ्घका रणनीतिक सवालहरूलाई ७ वटा रणनीतिक समूहमा राखी प्रत्येक समूहअन्तर्गत क्रियाकलापहरूको पहिचान गरिएको छ । सोही अनुसार महासङ्घका क्रियाकलापलाई कार्यक्रमको स्वरूपमा तयार गरी कार्यान्वयन गर्ने दृष्टिकोण तयार गरिएको छ । महासङ्घका प्राथमिकताका आधारमा लक्ष्य प्राप्त गर्नका लागि आगामी तीन वर्षीय रणनीतिक सवाल तथा उद्देश्यहरू निम्नबमोजिम रहेका छन् -

### ४.१ कानूनी सुधार

### ४.१.१ सूचना तथा सञ्चारसम्बन्धी कानून

- सूचना तथा सञ्चारसम्बन्धी विद्यमान ऐन नियमहरू नेपालको संविधान अनुकूल संशोधन भएका हुनेछन् ।
- संशोधन गरी पुनः अलग अलग कानूनहरू बनाइनुको सट्टा प्रेस सम्बन्धी एउटै एकीकृत कानून बनाउनका लागि महासङ्घले भूमिका निर्वाह गर्ने छ ।
- नयाँ आमसञ्चार नीतिले निर्दिष्ट गरेअनुसार नयाँ कानून तथा कानून बमोजिमका कुनै पनि संरचना निर्माण गर्ने क्रममा महासङ्घ तथा प्रेस स्वतन्त्रताको हित विपरित नपाओस् भन्नेतर्फ ध्यान दिँदै महासङ्घले एक संयन्त्र निर्माण गरी निरन्तर सचेत तथा जानकार रहनेछ ।

### ४.१.२ मिडियामा लगानी

- नेपाली मिडियामा लगानीको पारदर्शितालाई प्रवर्द्धन गर्नका लागि कानून निर्माण गरी व्यवस्थित गर्नका लागि आवश्यक पहल गरिने छ ।
- स्वस्थ र मर्यादित पत्रकारिताको विकासका निम्ति मिडिया एकाधिकार (Media Monopoly) र मिडिया सघनताबाट (Media Concentration) उत्पन्न हुन सक्ने नकारात्मक परिणामलाई निरूत्साहन गर्न छापा र विद्युतीय एउटै प्रकृतिको राष्ट्रियस्तरको प्रकाशन वा प्रसारण माध्यमको स्वामित्व धारण वा सञ्चालन गरेको एक व्यक्ति, परिवार वा समूहलाई अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णायक हिस्सा नहुने गरी निश्चित सर्तसहित लगानीको सीमा तोक्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्नका लागि पहल गरिनेछ ।
- नेपाली जनताको विचार र अभिव्यक्ति स्वतन्त्रता र राष्ट्रिय हितमा असर नपुऱ्याउने गरी पूर्वाधार र प्रविधिको विकासमा विदेशी लगानी खुला गर्नुपर्ने अवस्था देखिएको खण्डमा प्रकाशन र प्रसारण माध्यममा सम्पादकीय स्वतन्त्रताको सुनिश्चितताका निम्ति विशेष सर्तहरू तोकी त्यस्तो सञ्चारमाध्यममा नेपाली नागरिक श्रमजीवीका रहने व्यवस्थाका लागि सशक्त भूमिका निर्वाह गरिनेछ ।
- नेपाली मिडियामा विदेशी लगानीकर्ताको भूमिका निर्णायक हुने गरी विदेशी लगानीलाई प्रोत्साहन गर्न नदिनेतर्फ महासङ्घले हरसम्भव प्रयत्न र भूमिका निर्वाह गर्ने छ ।
- नेपालको संविधान र राष्ट्रिय हितको प्रतिकूल हुने गरी कुनै पनि सञ्चार सामग्रीको उत्पादन, विक्रीवितरण र प्रवाहमा कुनै पनि किसिमका लगानीलाई नियन्त्रण गर्न प्रभावकारी अनुगमन र कारबाहीको व्यवस्थाका लागि आवश्यक कदम चालिनेछ ।
- विदेशी पत्रपत्रिकाको नेपाल संस्करण वा मुद्रण एवम् विदेशी रेडियो र टेलिभिजनको प्रसारण, पुनः प्रसारण, रिले प्रसारण र विदेशी उत्पादनको नेपाली भूमि र माध्यमबाट प्रसारण गरिने सामग्रीमा राष्ट्रिय हितलाई सर्वोपरि राखी नेपालको संविधानको मर्म र भावना अनुकूल हुने गरी कानूनद्वारा व्यवस्थित गर्ने तर्फ गम्भभीर सरोकार राखी त्यसका लागि राज्यलाई आवश्यक दवाव दिइनेछ ।

### ४.१.३ अनलाइन मिडियासम्बन्धी कानून

- सरकारले २०७३ चैत्र ७ गते जारी गरेको नयाँ अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका गलत कानूनको आधारमा जारी गरिएकोले त्यसलाई खारेज गर्नका लागि आवश्यक भूमिका निर्वाह गरिनेछ ।
- इन्टरनेटमा आधारित भएर गरिने अनलाइन माध्यमको पत्रकारिताको विकाससँगै यसलाई व्यवस्थित गर्नुपर्ने विषयहरू एकीकृत मिडिया ऐनमा समावेश गरिएको हुने छ ।

### ४.१.४ विभिन्न कानूनमा मिडिया

- नेपालको संविधानअनुसार मुलुकलाई सङ्घीय संरचनामा रूपान्तरण गर्दा आवश्यक पर्ने नयाँ कानूनहरूको निर्माण र पुराना कानूनहरूको संशोधनका क्रममा प्रेस स्वतन्त्रता, विचार तथा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक जस्ता विषयहरूलाई कहीँ कतैबाट पनि कुण्ठित हुन नदिनेतर्फ अझ परिस्कृत गर्न महासङ्घ  पूर्ण सतर्कता र सचेततासहितका आवश्यक तयारी अवस्थामा रहनेछ ।

### ४.२ संरचनागत सुधार

- आमसञ्चारमाध्यमको अभिलेखीकरण, इजाजत, सरकारी विज्ञापनको समानुपातिक वितरण, श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको श्रम विवादमा मध्यस्थता, नियमन र संस्थागत विकास, टेलिभिजन सिग्नल र उत्पादन, वितरणसम्बन्धी अनुमति, नवीकरण, नियमन र प्राविधिक अनुगमनका लागि आवश्यक कार्य गर्ने प्रेस रजिस्ट्रार कार्यालय र न्यूनतम पारिश्रमिक निर्धारण समितिले गरिआएका कामहरूसमेत गर्ने गरी आवश्यकता अनुसार राष्ट्रिय आमसञ्चार प्राधिकरणजस्ता निकायहरू स्थापना गर्न आवश्यक कानूनी व्यवस्था गरी शीघ्रातिशीघ्र त्यस्तो निकाय गठन गर्नका लागि आवश्यक दवाव दिइने छ ।
- विज्ञापनसम्बन्धी एकीकृत कानून निर्माण गरी नियामक निकाय स्थापना गर्न र त्यस्तो निकायद्वारा नियमनको प्रभावकारी व्यवस्था गर्नका लागि अन्य सरोकारवालाहरूसँगसमेत हातेमालो गरी आवश्यक भूमिका निर्वाह गरिनेछ ।
- विज्ञापन बजारको प्रयोजनका लागि आवश्यक पर्ने समाचारमाध्यमहरूको लोकप्रियता र प्रसारको आवधिक सूचना सङ्कलन गर्न विज्ञापनदाता उद्यमी, विज्ञापन एजेन्सी र समाचार माध्यमका सञ्चालक समावेश हुने गरी एक व्यावसायिक तथा स्वतन्त्र वितरण सम्परीक्षण समिति गठन गर्नका सरोकारवालाहरूसँग हातेमालो गरी आवश्यक भूमिका निर्वाह गरिनेछ ।
- राष्ट्रव्यापी पहुँच भएको स्वायत्त निकायका रूपमा राष्ट्रिय सार्वजनिक सेवा प्रसारकको स्थापनाका लागि राज्यका सम्बन्धित निकायहरूमा दवाव दिइनेछ ।
- पत्रकारिता र सञ्चार क्षेत्रको इतिहास र प्रविधिको विकासक्रम झल्किने गरी सूचना तथा सञ्चार क्षेत्रमा प्रयोग भएका सामग्रीहरूको समूह र प्रदर्शनी, यस क्षेत्रका पुराना उपकरण, सामग्री तथा प्रकाशनको सङ्कलन र संरक्षण एवम् आमसञ्चार क्षेत्रको अध्ययन, अनुसन्धानका लागि पत्रकार महासङ्घको समेत प्रभावकारी भूमिका रहने गरी नेपाल सञ्चार सङ्ग्रहालय तथा अध्ययन प्रतिष्ठान स्थापना गर्नका लागि आवश्यक प्रयत्न गरिनेछ ।

### ४.३ पत्रकारहरूको भौतिक सुरक्षा

- पत्रकारको भौतिक सुरक्षाको लागि प्रभावकारी कार्यान्वयनका सम्बन्धमा विद्यमान समस्या पहिचान गरी समाधानका उपायहरू पहिल्याई तदनुरूपका व्यवस्थाहरू कार्यान्वयनमा आइसकेको हुने छ ।
- भौतिक सुरक्षाका लागि सरकारी संरचना नै जिम्मेवार हुनुपर्ने तथ्यलाई हृदयङ्गम गरी नेपाल प्रहरीले 'अभिव्यक्ति स्वतन्त्रता संरक्षण डेस्क' वा त्यस्तै कुनै इकाई स्थापना पत्रकारहरूको सुरक्षाका लागि राज्यको तर्फबाट जिम्मेवार र प्रभावकारी भूमिका निर्वाह गर्ने व्यवस्था गर्नका लागि आवश्यक दवाव दिइनेछ ।
- पत्रकारलगायतका अन्य मानवअधिकार रक्षकहरूको हक, परिचालन र सुरक्षासम्बन्धी छुट्टै कानून निर्माण गर्नका लागि अन्य सरोकारवालाहरूसँगसमेत हातेमालो गर्दै महासङ्घ ले निरन्तर चासो र दवाव दिने छ ।
- पत्रकारहरूको भौतिक शरीर मात्र नभएर उनीहरूको तथ्याङ्क सुरक्षाको खाँचो बढ्दै गएको आधुनिक पत्रकारिताको दुनियाँमा डिजिटल सुरक्षाका लागि आवश्यक व्यवस्था गर्नका लागि सम्बन्धित पक्षहरूसित सहकार्य गर्दै सुरक्षाको वातावरण बनाउन गम्भीर प्रयास गरिने छ ।
- पत्रकार कल्याण कोषको पारदर्शी सञ्चालनका लागि संयन्त्र निर्माण गरिनेछ ।
- द्वन्द्व प्रभावित पत्रकार तथा तिनको परिवारको सहयोगका लागि काम गर्ने आवश्यक संयन्त्र निर्माण गरी द्वन्द्वपीडित पत्रकार कल्याण कोष कार्यान्वयन गरिने छ ।
- भूकम्प वा यस्तै कुनै पनि प्रकारका प्राकृतिक प्रकोपबाट पीडित भएका पत्रकारको राहत तथा उद्धारका लागि आवश्यक संयन्त्रसहितको विशेष प्याकेज स्थापना गर्ने विषयमा गम्भीर ध्यानाकर्षण गरिसकिएको भए पनि अपेक्षित परिणाम प्राप्त गरी नसकिएकोले यसलाई मूर्त दिइनेछ ।
- पत्रकारहरूको सामाजिक सुरक्षाका दृष्टिले पत्रकार दुर्घटना बीमा, जेष्ठ पत्रकार सम्मान वृत्ति, पत्रकार सन्तति शैक्षिक वृत्ति, स्वास्थ्य उपचारमा छुट, २९ लाख रूपैयाँको अक्षय कोषसहित आपतकालीन राहत कोषको स्थापना, पत्रकार कल्याण कोषको रकममा झण्डै दोब्बर बृद्धि गरी करिब डेढ करोड रूपैयाँ पुऱ्याइसकिएको जस्ता केही सुखद् शुरुवातमा पत्रकार स्वास्थ्य बीमा जस्ता अन्य प्रयासहरू पनि थप गरी तिनलाई विस्तार गर्दै लगिने जस्ता कार्यहरूलाई जारी राखिने छ ।
- कार्यक्षेत्रमा रहँदा कुनै दुर्घटनामा परी घाइते भएका वा दीर्घरोगबाट पीडित वा ग्रस्त पत्रकारको उपचारका लागि एक पत्रकार कोष

स्थापना गरी सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- पत्रकारमाथिका आक्रमणका कतिपय घटनाका दोषीहरू कारवाहीको दायरामा आइ नसकेकोले ती सबैलाई कारवाहीको दायरामा ल्याएर कम से कम पत्रकारिताको क्षेत्रमा दण्डहीनताको अन्त्य भएको अवस्था सिर्जना गर्नका लागि निरन्तर प्रयास गरिने छ ।

## ४.४ पेशागत सुरक्षा

- श्रमजीवी पत्रकारको सेवा, सर्त र सुविधा सुनिश्चित गर्दै त्यससम्बन्धी कानूनको कार्यान्वयनका आधारमा सञ्चारमाध्यमको वर्गीकरण र लोककल्याणकारी तथा अन्य सरकारी विज्ञापन एवम् सुविधा र सहुलियत प्रदान गर्ने व्यवस्था मिलाउनका लागि महासङ्घको तर्फबाट पूर्ण सक्रियता कायम राखिनेछ ।
- श्रमजीवी पत्रकारसम्बन्धी कानूनहरूबमोजिम श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई सुविधा प्रदान गर्ने सञ्चार प्रतिष्ठानलाई प्रोत्साहन गरिने, कानून कार्यान्वयन नगर्ने सञ्चारमाध्यमलाई सुविधाबाट वञ्चित र कारबाही गर्ने प्रणालीको विकास गरिनेछ ।
- पत्रकारको पेशागत सुरक्षाका लागि श्रमजीवी पत्रकार सम्बन्धी कानूनहरूको प्रभावकारी कार्यान्वयनका सम्बन्धमा विद्यमान समस्या पहिचान गरी समाधानका उपायहरू पहिल्याएर तदनुरूप कार्यान्वयनमा आइसकेको हुने छ ।
- न्यूनतम पारिश्रमिकलगायत श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियमहरूका आंशिक मात्र कार्यान्वयन भएको अवस्थामा न्यूनतम पारिश्रमिकलगायत श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियमहरूलाई पूर्णरूपेण कार्यान्वयनको अवस्था सिर्जना गर्नका लागि आवश्यक सङ्घर्ष गरिने छ । यसका लागि श्रमजीवी र सञ्चालकहरूका बीचमा विश्वास निर्माणको वातावरण विकास गर्न मिडियामा श्रम तथा पूँजी दुवै उत्तिकै महत्वपूर्ण हुन् भन्ने मान्यतालाई स्थापित गर्नका लागि आवश्यक संयन्त्र निर्माण गरी सक्रियता बढाइने छ ।
- सम्पादकीय स्वतन्त्रताका अवस्थालाई बलियो बनाउँदै पत्रकारिताको विश्वसनीयता अभिवृद्धिका लागि सम्पादक तथा मिडियाका लगानीकर्ताहरूसितको सहकार्य र अन्तरक्रियामा विस्तार गर्नका लागि आवश्यक संयन्त्र निर्माण गरिने छ ।
- पत्रकार महासङ्घ केन्द्रीय कार्यालयमा स्थापित "कानूनी प्रणाली" लाई अझ सबल बनाई श्रमजीवी पत्रकारहरूको पेशागत तथा भौतिक असुरक्षासँग सम्बन्धित कानूनी तथ्यांक संकलन गर्ने, अदालतमा वहस पैरवी गर्ने, कानून तथा नीतिनिर्माणका लागि लबिङ् गर्ने तथा श्रमजीवी पत्रकारहरूको हितमा अभियान सञ्चालन गरिने छ ।
- नयाँ मिडिया हाउस स्थापना गर्दा निश्चित अवधिसम्म सञ्चालन गर्ने उसको व्यावसायिक योजनासमेत हेर्ने गरी 'धरौटी प्रणाली' को थालनी गर्नु मानवसंशाधन व्यवस्थापनका दृष्टिकोणले समेत सकारात्मक हुने भएकाले त्यसतर्फ आवश्यक कानूनी व्यवस्था गर्नका लागि नेपाल पत्रकार महासङ्घले दवावमूलक भूमिका निर्वाह गर्ने छ ।
- उचित श्रम अभ्यासका क्रममा सामूहिक सौदावाजीलगायतका गतिविधिमा ट्रेड यूनियनको भूमिकामा काम गर्ने पत्रकारहरूको साझा संस्थाको रूपमा औपचारिक आन्तरिक वैधानिक व्यवस्था गरिएको अवस्थामा अन्य ट्रेड यूनियनहरूसितको सहकार्यका आधारमा थप सशक्त ट्रेड यूनियनको भूमिकामा काम गर्ने ज्ञान, सीप र शैलीका विकास गरिनेछ ।
- पत्रकारिता क्षेत्रमा निरन्तर रूपमा लामो समयसम्म योगदान पुऱ्याएका ज्येष्ठ पत्रकारहरूलाई मासिक वृत्ति प्रदान गर्न 'ज्येष्ठ पत्रकार सम्मान वृत्ति कोष' स्थापना गरी लागू गरिएको हुनेछ ।
- निरन्तर विभिन्न किसिमका दवावका बीचमा पेशागत सक्रियता कायम राख्नुपर्ने र विविध आघातपूर्ण घटनाहरूको समाचार संकलन तथा तयारी गर्नुपर्ने पत्रकारहरूका लागि मनोसामाजिक उपचार तथा परामर्श अत्यन्त जरूरी रहेकोले आवश्यक पत्रकारहरूका लागि त्यस्तो पक्षमा पनि ध्यान दिँदै आवश्यक सेवा उपलब्ध गराउन महासङ्घले उचित संयन्त्रसहितको थालनी गर्ने छ । यसका साथै विभिन्न सञ्चारगृहहरूलाई पनि यस्तो सेवाको थालनी गर्नका लागि महासङ्घले प्रोत्साहित गर्ने छ ।

## ४.५ प्रेस स्वतन्त्रता संरक्षण

- नेपाली प्रेस स्वतन्त्रता मात्र नभएर समग्र नागरिक स्वतन्त्रताकै लागि अभूतपूर्व उपलब्धिका रूपमा नेपालको संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख भई स्वतन्त्रताको हक, सञ्चारको हक र सूचनाको हक आदिलाई मौलिक हकमै राखेर विभिन्न स्पष्ट व्यवस्थाहरू गरिएकोले ती व्यवस्थाहरूको व्यावहारिक कार्यान्वयनको वातावरण निर्माण गर्नका लागि आवश्यक सक्रियता कायम राखिनेछ ।
- संविधान प्रदत्त पूर्ण प्रेस स्वतन्त्रताको प्रचलनमा देखिएका समस्या पहिचान गरी तिनको समाधानका लागि कार्ययोजनासहितका उपायहरू तयार गरी कार्यान्वयन गरिने छ ।
- राष्ट्रिय मानव अधिकार आयोगको नेतृत्वमा महासङ्घ सहितको छुट्टै अभिव्यक्ति स्वतन्त्रता संरक्षणसम्बन्धी संयन्त्र निर्माण गरी क्रियाशील गराउनका लागि भइरहेका प्रयत्नहरूको परिणाम हासिल गरी त्यस्तो संयन्त्र स्थापना गरिनेछ ।
- सर्वोच्च अलालतले दिएका आदेशहरूको कार्यान्वयनका लागि गर्नुपर्ने कामको पहिचान गर्न पत्रकार महासङ्घ ले अनुसन्धानको काममा अगुवाइ गरी त्यस्ता अनुसन्धानबाट प्राप्त परिणामहरूलाई व्यावहारमा उतार्नका लागि आवश्यक संयन्त्र निर्माण गरिनेछ ।
- प्रेस स्वतन्त्रता हननको अनुगमनका लागि संस्थागत ढाँचासम्बन्धी नयाँ साझा मानदण्ड जारी गरी अनलाइन तथ्यांक व्यवस्थापनको

प्रविधिको थालनी भइसकेको सन्दर्भमा यसलाई व्यवस्थित, प्रभावकारी र संस्थागत गरी निरन्तरता दिनेतर्फ आवश्यक कदम चालिनेछ ।

- पत्रकार सुरक्षा रणनीति तयार गरी सोहीअनुसार एक संयन्त्रको निर्माण गरेर आवश्यक सक्रियता बढाइने छ ।
- सञ्चारमाध्यम तथा सञ्चारसाधनहरूको आक्रमण, प्रकाशन वा प्रसारण सामग्रीहरूको वितरणमा अवरोध पैदा गरी पाठक, श्रोता वा दर्शकसम्म पुग्न नदिने हर्कतहरूलाई निस्तेज पारी प्रेस स्वतन्त्रता प्रवर्द्धन गर्न र नागरिकको सूचनाको हकको संरक्षण गर्नसरोकारवाला सबैसँग सहकार्य गरी आवश्यक अनुगमन र रेस्पोन्सको व्यवस्था मिलाइनेछ ।
- पत्रकारको हत्या, बेपत्ता एवम् आक्रमणमा संलग्न व्यक्तिलाई कानूनी दायरामा ल्याउने, प्रेस स्वतन्त्रताको हनन्का घटना रोक्ने र दोषीलाई कारवाही गराउने, पत्रकारविरूद्धको हिंसा एवम् मिडियामा सेल्फसेन्सरसीपको अवस्थाको अन्त्य गर्नेलगायत पत्रकारको भौतिक सुरक्षा र स्वतन्त्रताको जगेर्ना गर्ने महासङ्घको निरन्तर क्रियाशीलताका विषयलाई केन्द्रित गरेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडिया मिसनहरूको सञ्चालन र राष्ट्रिय मानव अधिकार आयोगसँग मिलेर पत्रकार सुरक्षाका निम्ति क्रियाशीलतालाई कायम राखिनेछ ।
- सेल्फ सेन्सरसीपलाई तोड्नैपर्ने चुनौती रहेकाले स्थानीय तहदेखि नै पत्रकारहरूको मनोबल उकास्ने प्रकारका क्रियाकलापहरूको डिजाइन गरी कार्यान्वयन गरिनेछ ।
- सार्वजनिक निकायहरूले सूचनाको सार्वजनिकीकरण गरी सूचनाको संस्कृति विकास र निर्माणका लागि अग्रसर हुने वातावरणको विकास गर्नका लागि राष्ट्रिय सूचना आयोग, सरोकारवाला अन्य सङ्घसंस्था र निकायहरूसँग समेत सहकार्य गरी पारदर्शी र खुलासमाजको प्रवर्द्धनका लागि आवश्यक अभियान सञ्चालन गरिनेछ ।

## ४.६ पत्रकार तथा मिडियाको दक्षता अभिवृद्धि

- पत्रकारिता पेसालाई व्यावसायिक र मर्यादित बनाउन आमसञ्चारसम्बन्धी अध्ययन, अनुसन्धान र प्रशिक्षणद्वारा सञ्चारकर्मीहरूको सीप तथा दक्षता अभिवृद्धि र अद्यावधिक गर्न एवम् उच्चतम व्यावसायिक अभ्यासका लागि प्रेरित गर्न राष्ट्रिय आमसञ्चार प्रशिक्षण प्रतिष्ठान स्थापनाका लागि त्यसको अवधारणा र कानूनको खाका समेत महासङ्घले सरकारलाई बुझाइसकेको अवस्थामा पनि त्यसको स्थापनामा भइरहेको आलटाललाई समाप्त पारी महासङ्घको सक्रिय सहभागितामा सञ्चालन हुने गरी केन्द्र र प्रदेश स्तरमा त्यस्तो प्रतिष्ठान स्थापना गर्न आवश्यक पहल गरिनेछ ।
- नेपाली समाचार माध्यममा सबै जातजाति र सबै समुदायको उपस्थिति बढाउन प्रतिष्ठानले समानुपातिक समावेशी नीति अनुसार सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत तथा अपाङ्गता भएका व्यक्तिहरूलाई पत्रकारिता पेसामा आबद्ध गरी समाचार कक्षलाई समावेशी बनाउन सोही अनुरूपको अभियान सञ्चालन गरिनेछ भने पत्रकारितासम्बन्धी उच्च शिक्षामा ती समुदायको सहभागिता वृद्धि गर्न आवश्यक छात्रवृत्तिका लागि सरकारीलगायतका अन्य क्षेत्रमा समेत संभावनाको खोजी गरी कार्यान्वयन गरिनेछ ।
- विभिन्न सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको सहयोग बिना पनि महासङ्घ आफैंले विविध विषयवस्तुमा पत्रकारहरूलाई सीपविकास तथा ज्ञानआर्जनसँग सम्बन्धित तालिम तथा अध्ययनका लागि इ-लाइब्रेरीसहित "नेपाल पत्रकार महासङ्घ मिडिया अध्ययन केन्द्र" स्थापना गरिने छ । पत्रकारितासम्बन्धी तालिम तथा अध्यापनका लागि वरिष्ठ पत्रकार तथा प्रशिक्षकहरूको तथ्यांक नै तयार गरी सो केन्द्रमार्फत व्यावसायिक, उत्तरदायी र जिम्मेवार पत्रकारितालाई सशक्त पार्नका लागि कार्य गरिने छ ।
- महिला, दलित, आदिवासी जनजातिका साथै मधेशी, कर्णाली र सुदूरपश्चिमका पत्रकारहरूका लागि अतिरिक्त तालिम तथा व्यवहारमूलक कार्यशालाको सञ्चालन गर्नका लागि विशेष प्रयत्न गरिनेछ ।
- सञ्चारगृहहरूसित आवश्यक सहकार्य गरी समाचार कक्ष र विषयवस्तुमा बहुलता-विविधताको प्रवर्द्धनका लागि पहल गरिनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँगको सम्बन्ध तथा सहकार्यबाट महासङ्घका सदस्यहरूलाई अपेक्षित लाभ हुने गरी अवसरहरूको सिर्जना गर्न प्रयास गरिने छ ।
- विभिन्न सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूको सहयोगमा विविध विषयवस्तुमा पत्रकारहरूलाई सीपविकास तथा ज्ञानआर्जनसँग सम्बन्धित तालिमलगायतका गतिविधि आयोजनामा सहभागी हुनेहरूको भन्दा सहयोग गर्नेहरूको स्वार्थ हावी हुने गरेको परिस्थितिलाई अन्त्य गर्दै मागमा आधारित गतिविधि सञ्चालन गर्ने परिपाटीको थालनी गरिनेछ ।

## ४.७ मिडियाको दिगो विकास

- पत्रकारिताको गुणस्तर वृद्धि र व्यावसायिक विकासका लागि आमसञ्चारमाध्यमलाई सम्बन्धित भूगोलमा बसोवास गर्ने जनसङ्ख्याप्रति लक्षित राष्ट्रिय, प्रादेशिक वा स्थानीय, सेवामूलक वा व्यापारिक उद्देश्यका साथ सञ्चालित समाचारमाध्यम तथा स्वरोजगार, साना, मझौला र ठूलो लगानीका आधारमा वर्गीकरण गरी सूचना र ज्ञानमा आधारित सञ्चारमाध्यमलाई सेवामूलक सञ्चार उद्योगका रूपमा मान्यता दिई सहुलियत प्रदान गर्ने व्यवस्था गर्नका लागि आवश्यक पहल गरिनेछ ।
- सरकारी विज्ञापनको समानुपातिक वितरण गरी साना लगानीका मिडियाको हित गर्ने गतिविधिलाई तीब्रता दिइनेछ ।

- स्वरोजगार सिर्जना गर्ने साना लगानीका सञ्चारमाध्यमलाई प्रोत्साहन र प्रबर्द्धन गर्दै लोकतन्त्र, प्रेस स्वतन्त्रता, नागरिक अधिकार र सम्पादकीय स्वतन्त्रताको भरपूर उपयोगमार्फत विविधता र बहुलताको प्रवर्द्धन गर्नेतर्फ प्रोत्साहित गर्ने वातावरणको सिर्जना गरिने छ ।
- सञ्चारमाध्यमलाई राज्यद्वारा लोककल्याणकारी कार्यक्रमका निम्ति प्रोत्साहन स्वरूप प्रदान गरिने लोककल्याणकारी विज्ञापन र खुला बजारबाट हुने उपभोक्ता केन्द्रित विज्ञापनको प्रभावकारी व्यवस्थापनको आवश्यक व्यवस्था मिलाउनका लागि प्रभावकारी भूमिका निर्वाह गरिनेछ ।
- आमसञ्चारमाध्यमलाई देशको विविधताको प्रतीकका रूपमा विकसित गर्न लोककल्याणकारी विज्ञापनमार्फत दुर्गम क्षेत्रबाट प्रकाशन वा प्रसारण हुने र मातृभाषामा प्रकाशन वा प्रसारण हुने महिला, दलित, आदिवासी जनजाति, मधेसी समुदाय र अपाङ्गता भएका व्यक्तिबाट सञ्चालित सञ्चारमाध्यमहरूलाई विशेष प्रोत्साहन गर्नका लागि सरोकारवालाहरूलाई सक्रिय तुल्याइने छ ।
- महिला, दलित, आदिवासी जनजाति, मधेसी, पिछडा वर्ग, सीमान्तकृत समुदाय र अपाङ्गताको विषयलाई महत्व दिई सामग्री उत्पादन गर्ने पत्रकार, प्रस्तोता, सम्पादकजस्ता पदहरूमा ती वर्ग र समुदायका व्यक्तिहरूलाई अधिकतम रूपमा समावेश गर्न सञ्चारमाध्यमहरूलाई प्रोत्साहन गरिनेछ ।
- जनताको प्रत्यक्ष पहुँचमा पुग्ने स्वतन्त्र रेडियोहरू समेत धरापमा पर्दै गएका कारणले तिनमा कार्यरत पत्रकारहरू अलपत्र पर्ने अवस्था भएकोले तिनको हितका लागि सरोकारवालाहरूसित सहकार्य गर्दै आवश्यक भूमिका निर्वाह गरिने छ ।
- टेलिभिजनलगायत मिडिया हाउसहरूलाई विशेष उद्योग सरह मान्यता नदिएका कारण र नियमित विद्युत सेवासमेत उपलब्ध नहुँदा आइपरेको संकटमा महासङ्घका सदस्यहरू पनि परेको अवस्थालाई ध्यान दिँदै मिडियालाई उद्योगको रूपमा मान्यता दिने कार्यका लागि सरोकारवालाहरूसँगको सहकार्यमा आवश्यक पहल गरिने छ ।
- राज्यले राष्ट्रिय आमसञ्चार नीति जारी गरिसकेको र मिडियासम्बन्धी एकीकृत कानून तथा नेपालको संविधानले परिकल्पना गरेबमोजिमका व्यवस्थाहरू कार्यान्वयन गर्न अन्य कानूनहरू पनि निर्माण गरिरहेको हुनाले अनलाइन पत्रकारितालाई सम्बोधन गर्ने कानूनलाई मिडियासम्बन्धी एकीकृत कानूनभित्र समेटेर पत्रकारिताको यस नयाँ विधा तथा माध्यमको जगेर्ना तथा विकास गर्नमा सामयिक, सिर्जनशील तथा हस्तक्षेपकारी भूमिका निर्वाह गरिनेछ ।
- विदेशी टेलिभिजनको विज्ञापनरहित (क्लीन फिड) प्रसारण र ध्वनीकरण (डबिङ) को अन्त्यका लागि भूमिका निर्वाह गरिने छ ।
- संविधानले निर्दिष्ट गरेको सङ्घ, प्रदेश र स्थानीय तहमा सूचना तथा आमसञ्चारसम्बन्धी संरचनात्मक ढाँचा, नियामक निकाय र तिनको अन्तरसम्बन्धको खाका तयार भएको हुने छ ।

## ४.८ मर्यादित पत्रकारिताको प्रवर्द्धन

- प्रेस काउन्सिललाई मर्यादित र स्वतन्त्र पत्रकारिताको प्रवर्द्धन गर्नका लागि पत्रकारिता क्षेत्रको आचारसंहिता अनुगमन गर्ने र आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी सुनुवाइ गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायका रूपमा विकास गर्नका लागि आवश्यक सक्रिय भूमिका निर्वाह गरिनेछ । यसलाई सरकारी काउन्सिलको हैसियतबाट बाहिर निकाली स्वनियमनकारी निकायका रूपमा विकास गर्नका लागि आवश्यक पहलकदमीलाई जारी राखिनेछ ।
- मर्यादित पत्रकारिताप्रति चिन्तनशील स्वतन्त्र र सक्षम व्यक्तिहरू रहेको सिफारिस समितिको सिफारिसमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, अनलाइनलगायतका आमसञ्चारमाध्यमका उपभोक्ताको समेत प्रभावकारी प्रतिनिधित्व हुने गरी समानुपातिक समावेशी सिद्धान्तको आधारमा काउन्सिलमा अध्यक्ष र सदस्यहरूको नियुक्तिको व्यवस्था गरिनेछ ।
- आचारसंहिता उल्लङ्घनका सम्बन्धमा सम्बन्धित पक्षको उजुरी वा स्वजानकारीका आधारमा काउन्सिलले दुवै पक्षको कुरा सुनी मेलमिलाप गराउने वा मध्यस्थको प्रक्रियाद्वारा समस्या समाधान गर्ने व्यवस्था गर्न सोही अनुरूपको कानून तर्जुमा गरी प्रेस काउन्सिललाई सक्षम बनाइने छ ।
- स्वस्थ, मर्यादित, जिम्मेवार र विश्वसनीय पत्रकारिताको विकासका निम्ति पेशागत आचारसंहिताको प्रभावकारी कार्यान्वयनका उपायहरू पहिचान गरी कार्यान्वयनमा आएको हुने छ ।
- व्यावसायिक निष्ठाको पालनाका लागि पत्रकारहरूलाई जिम्मेवार र संवेदनशील बनाउन महासङ्घमा अधिकारसम्पन्न अनुशासन समितिको संरचना निर्माण गरी सो समितिलाई क्रियाशील तुल्याउन आवश्यक कदम चालिनेछ ।
- मूलतः छापामाध्यममा केन्द्रित रहेको एक दशक पुरानो पत्रकार आचारसंहितालाई विस्थापित गर्दै छापा, रेडियो, टेलिभिजन र अनलाइनसमेतलाई समेट्ने गरी सैद्धान्तिक दृष्टिले अन्तर्राष्ट्रिय अभ्यास एवम् व्यवहारिकरूपमा नेपाली समाजको आवश्यकतालाई सम्बोधन गर्दै समयानुकूल नयाँ पत्रकार आचारसंहिता २०७३ जारी भइसकेको सन्दर्भमा यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रयत्न गरिनेछ ।
- ्विभिन्न विषयगत क्षेत्रका आधारमा विशिष्ठीकृत आचारसंहिताहरू तयार गरी कार्यान्वयन गर्दै लैजानका लागि आवश्यक रचनात्मक तथा दवावमूलक भूमिका निर्वाह गरिनेछ ।
- समाचारमाध्यमहरूलाई आमपाठक, श्रोता र दर्शकहरूले थाहा पाउने गरी लिखित रूपमा सार्वजनिक स्वनियमन र स्वमूल्याङ्कनको

व्यवस्था गर्दै सम्पादकीय नीति सार्वजनिक गर्न प्रोत्साहन गर्नका लागि आवश्यक सक्रियता विस्तार गरिनेछ ।

## ४.९ पत्रकारितामा महिला सहभागिताको विकास

- पत्रकारितामा महिलाको संख्यात्मक वृद्धि तथा गुणस्तरीय सहभागिता बढाउनका लागि उनीहरूको दक्षता अभिवृद्धिका लागि विभिन्न गतिविधिहरू गरिनेछ । यसका साथै पत्रकार महिलाहरूले पेशा नै छोड्ने (ड्रप आउट) समस्यालाई रोक्नका लागि अध्ययनका आधारमा ठोस पहल गरिनेछ ।
- लैङ्गिक संवेनदनशीलतालाई विशेष ध्यान दिँदै नयाँ पत्रकार आचारसंहिता लागू भइसकेको र महिलामैत्री विशिष्ठीकृत आचारसंहिता पनि प्रेस काउन्सिलले तयार गरिसकेको सन्दर्भमा अब ती आचारसंहिताको प्रभावकारी पालनाको पक्षमा ध्यान दिइनेछ ।
- पत्रकारितामा संलग्न महिलाहरूका लागि कार्यस्थलमा सहज वातावरण निर्माण गर्ने, उनीहरूलाई नेतृत्वदायी तहमा पुऱ्याउने तथा उनीहरूको पेशागत तथा भौतिक सुरक्षामा विशेष ध्यान दिँदै सञ्चारमाध्यम तथा सरोकारवाला निकायहरूसित आवश्यक सहकार्य गरिनेछ ।
- मिडियामा बहुलता, विविधता, लैंगिक समानता र समावेशिताको अवधारणालाई मूर्तता दिन आवश्यक प्रयास महसूस गरी मिडियामा समावेशीकरणको लागि सूचना तथा सञ्चार मन्त्रालयबाट गठित आयोगको प्रतिवेदन र लैंगिक समानताको प्रवर्द्धनको निम्ति नेपाल पत्रकार महासङ्घद्वारा २०७१ जेठमा आयोजित पत्रकार महिलाको राष्ट्रिय भेलाद्वारा पारित घोषणापत्र तथा सरकारले तयार गरेको सञ्चार प्रतिष्ठानहरूलाई लैंगिकमैत्री बनाउने निर्देशिका २०७१ कार्यान्वयनमा लैजान महासङ्घले जारी राखेको प्रयासलाई थप उचाइका साथै निरन्तरता दिइनेछ ।

## ४.१० महासङ्घको संस्थागत सबलीकरण

## ४.१०.१ नीतिगत निर्णय

- महासङ्घको विधानको अक्षर र भावनाबमोजिम सङ्गठनात्मक पुनर्संरचनालाई अघि बढाउँदै महासङ्घको सदस्यता वितरण तथा सङ्गठन सञ्चालनमा शुद्धीकरण अभियानलाई निरन्तरताको विषय बनाइने छ ।
- महासङ्घको सचिवालयलाई व्यावसायिक तथा व्यवस्थापकीय क्षमतायुक्त प्रणालीका आधारमा सञ्चालन गर्ने योजना तयार गरी कार्यान्वयन गरिने छ ।
- महासङ्घको मुख्य आर्थिक स्रोतका रूपमा रहेको सदस्यता नवीकरण समेत बारम्बार ताकेता गर्दा पनि उठाउन कठिन हुने गरेको र सङ्गठन सञ्चालनमा कठिनाइका साथै सङ्गठनको ओज र गरिमामै चुनौती खडासमेत गरेको सन्दर्भमा यस्तो परिपाटीको अन्त्यका लागि एक विशेष कार्यक्रमको खाका तयार पारी कार्यान्वयन गरिनेछ ।
- महासङ्घको गतिविधि र नीतिनिर्माणमा स्पष्ट रूपमा राजनीतिक पहिचान भएका व्यक्तिहरू मात्र नभई राजनीतिक दलका विभिन्न तहका नेता कार्यकर्ताको निर्णायक सहभागिता र भूमिका हुने गरेको अवस्थालाई सम्बोधन गर्न आवश्यक नीतिगत तथा सङ्गठनात्मक पहल गरिनेछ ।
- श्रम गरेर जीविका चलाउनुपर्ने व्यक्ति पारिश्रमिक बिना कम्तीमा तीन वर्षसम्म महासङ्घको स्वयम्सेवी कार्यकर्ताको रूपमा सक्रिय रहनुपर्ने अवस्थाले महासङ्घको नेतृत्वमा श्रमजीवी पत्रकारलाई हतोत्साहित र अरू पत्रकार वा गैरपत्रकारलाई प्रोत्साहित गरेको अर्थ लागिरहेको अवस्था कायम रहन नदिन नीतिगत निर्णय लिइनेछ ।

## ४.१०.२ साङ्गठनिक प्रयास

- विविधताका बीचबाट चुनिएर आउने सबै तहको नेतृत्वमा एउटा टीमको भावना विकास गर्न र सोबमोजिम परिचालित हुने वातावरण बनाउनका लागि नेतृत्व विकास र टीम बिल्डिङ्गसम्बन्धी तालिम लगायतका गतिविधि आयोजना गरिनेछ ।
- सङ्गठन र पत्रकारिता क्षेत्रभित्र मात्र नभएर यसबाहिर पहिचान र कार्यक्षेत्र बनेको महासङ्घ गैरसरकारी संस्थाका रूपमा दर्ता भएर काम गरिसकेको संस्था हुनु, नागरिक समाजको अगुवाको पहिचान पनि बनाउनु, राष्ट्रिय निर्देशन ऐनअनुसार दर्ता भएर कार्यरत रहनु र अहिले आएर विधानमै पत्रकारहरूको ट्रेड युनियनका रूपमा पनि देखिनुका साथै सरकारी कोषबाट पनि रकम लिइरहने गरेका कारण यसको पहिचानका बारेमा उठ्ने गरेका प्रश्नहरूको सटिक समाधानका लागि आवश्यक नीति तथा अवधारणा तयार गरी सङ्गठन पुनःसंरचनाको विषयसहित समेटेर देशव्यापी अभियान सञ्चालन गरिनेछ ।
- चलयमान गतिविधिका आधारमा साङ्गठनिक जीवनमा रक्तसञ्चार गर्दै महासङ्घलाई नागरिक समाजको अगुवा सङ्गठनको रूपमा थप स्थापित गर्ने कामलाई निरन्तरता दिने र समाजप्रति उत्तरदायी भूमिका निर्वाह गर्नुपर्ने अवसर र दायित्व दुवै भएकोले यसतर्फ सदैव सचेत प्रयत्न गरिनेछ ।
- महासङ्घको नेतृत्वमा श्रमजीवी पत्रकारलाई प्रोत्साहित गर्न र अरू पत्रकार वा गैरपत्रकारलाई प्रोत्साहित हुन नदिनका लागि

महासङ्घको अध्यक्ष, महासचिव, कोषाध्यक्षलगायत आवश्यक पदाधिकारी तथा सदस्यहरूले महासङ्घलाई आवश्यक परेको खण्डमा पूरा समय खर्च गर्नुपर्ने नीति महाधिवेशन वा साधारणसभामार्फत लिइनेछ । कामको चाप र आवश्यकताअनुसार केन्द्रीय समितिले निर्णय गरी पूर्णकालीन पदाधिकारी तथा सदस्यहरू तोक्नेछ । यस्तो व्यावहारिक आवश्यकतालाई सम्बोधन गर्ने कार्यमार्फत महासङ्घ सञ्चालनमा थप पारदर्शिता विकासका साथै महासङ्घ, यसका सदस्यहरू तथा समग्र पत्रकारिता पेशाकै प्रतिष्ठा अभिवृद्धि र सार्वजनिक छविनिर्माणमा समेत स्वच्छता प्रवर्द्धन हुने अवस्थाको सिर्जना गरिनेछ ।

### ४.१०.३ सचिवालय व्यवस्थापन

- महासङ्घको कामको चाप र आवश्यकताअनुसार अध्यक्ष, महासचिव, कोषाध्यक्षलगायत केन्द्रीय सदस्यहरूलाई पनि पूर्णकालीन घोषणा गर्दा आरम्भमा अध्यक्ष मात्र वा महासचिव र कोषाध्यक्षसमेतबाट प्रयोगको थालनी गर्न सकिनेछ । त्यसो गर्नका लागि उनीहरूको स्पष्ट कार्यविवरण तयार गरी पत्रकारिता वा मिडियाकर्म गर्न पाउने पेशा तथा व्यवसायको अधिकारलाई सुरक्षित राख्दै महासङ्घलाई आवश्यक परेको बेलामा जुनसुकै बखत पनि समय दिनुपर्ने व्यवस्था गरिनेछ । त्यसरी पूर्णकालीन भएका पदाधिकारीहरूलाई पारिश्रमिकका रूपमा नभई सम्मानजनक शीर्षकअन्तरगत जीवननिर्वाहको लागि आधारभूत भत्ता वा तथा आवश्यक अन्य सुविधा दिइनेछ । सार्वजनिक जवाफदेहिता र महासङ्घप्रतिको थप दायित्ववोध गराउने यस्तो व्यवहारिक आवश्यकताअनुरूपको निर्णय गर्दा पनि अहिले जसरी यातायात खर्च, दैनिक भत्ता आदिको व्यवस्थालाई भने कायम नै राखिनेछ ।
- सचिवालयलाई व्यवस्थित गरेर त्यसमार्फत दैनिक कामकारवाही चलाउने र नीतिगत नेतृत्व मात्रै निर्वाचित नेतृत्वले दिने व्यवस्थाबमोजिम व्यावसायिक तवरले सङ्गठन सञ्चालन गरी पेशागत तथा प्रतिस्पर्धी क्षमता भएका व्यक्तिहरूका लागि महासङ्घएक आकर्षक कार्यस्थल पनि हो भन्ने सन्देश प्रवाह हुने वातावरणसमेत तयार गरिनेछ ।
- महासङ्घको समावेशीकरणको कुरा गर्दा लैङ्गिक, जातीय, क्षेत्रीय, भाषिक कोणबाट बढी चर्चा हुने गरेको वर्तमान सन्दर्भमा यसका साथै विधागत समावेशीकरणलाई समेत जोडेर तथ्यांक राख्नुपर्ने आवश्यकता छ । यसका लागि महासङ्घको तथ्यांक व्यवस्थापन प्रणालीलाई व्यवस्थित र प्राविधिक रूपमा अद्यावधिक गर्नु उत्तिकै आवश्यक छ । यसका लागि एमआईएस अर्थात् व्यवस्थापन सूचना प्रणाली स्थापना गरिनेछ ।
- महासङ्घलाई संस्थागत विकास र क्षमता अभिवृद्धि गर्न केन्द्रमा इ-लाइब्रेरी स्थापना गर्ने र त्यसमा महासङ्घ का सबै संरचनाहरूलाई पहुँच दिने गरी गैरआवासीय नेपाली सङ्घसँग सहकार्यको प्रक्रिया अघि बढिसकेको सन्दर्भमा यसलाई कार्यान्वयनमा ल्याइने छ ।
- महासङ्घको कार्यालय भवनालाई पत्रकारहरूको सूचनाको श्रोतको रूपमा विकास गर्नका लागि सूचना केन्द्र, पुस्तकालय वा विद्युतीय पुस्तकालय आदिको स्थापनाका साथै स्वदेशी तथा विदेशी विशिष्ठ व्यक्तित्वहरूले पत्रकार सम्मेलन गर्ने स्थानका रूपमा पत्रकार महासङ्घ केन्द्रीय कार्यालय भवनमा रहेको सभाकक्षलाई उपयोग गर्नसक्ने गरी व्यवस्थित बनाउनेलगायतका काम गर्न एक केन्द्रीय कार्यालय व्यवस्थापन तथा सञ्चालन कार्ययोजना बनाई तत्काल कार्यान्वयन गरिने छ ।
- केन्द्रीय कार्यालय व्यवस्थापन तथा सञ्चालन कार्ययोजनाका आधारमा स्पष्ट काम, कर्तव्य र अधिकारसहित कर्मचारीलाई जिम्मेवारी दिने गरी कर्मचारीका सेवा तथा शर्तसम्बन्धी नियमावली जारी गरी उनीहरूको रोजगारीलाई व्यवस्थित प्रशासनिक सुधारको प्रयास अघि बढाइने छ ।
- महासङ्घका लागि कुनै पनि समयमा आवश्यक परेको खण्डमा विशिष्ठ प्रकृतिको कामका लागि आवश्यकताअनुसार विशेषज्ञहरूको सेवा लिइनेछ ।
- महासङ्घका सबै प्रदेश तथा शाखा समितिका कार्यालय भवनहरूको निर्माणलाई अभियानका रूपमा अघि बढाइने छ ।

## ५ कार्यान्वयन तथा मूल्याङ्कन

यस रणनीतिक दृष्टिकोण–पत्रअनुरूप पत्रकार महासङ्घको केन्द्रीय समिति, केन्द्रीय समितिले गठन गरेका उपसमिति वा विभाग, प्रादेशिक समिति तथा जिल्ला समन्वय समिति तथा शाखाहरूले आ–आफ्नो कार्यादेश, कार्यक्षेत्र तथा प्राथमिकतालाई ध्यान दिंदै ३ वर्षमा गरिने कार्यका लागि आवश्यकताअनुसारका कार्ययोजना तयार गर्नेछन् । यस रणनीतिक दृष्टिकोण–पत्रका आधारमा तयार गरिने कार्ययोजना कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरूको पहिचान गरी त्यस्ता बाधा व्यवधानहरूको न्यूनीकरणका उपायहरूसमेत सोही रणनीतिक कार्ययोजनामा समेटिएको हुने छ । यसका अलावा, कार्ययोजनामा अनुगमन तथा मूल्याङ्कन खाकासमेत समावेश गरिएको हुनेछ जसमा उल्लिखित अपेक्षित प्रतिफल प्राप्त भए नभएको, महासङ्घका गतिविधिहरू उद्देश्यअनुरूप सञ्चालन भए वा नभएको बारेमा थाहा पाउन सूचक (इण्डिकेटर) समेत उल्लेख गरिएको हुनेछ ।

त्यसैअनुसार सम्बन्धित उप–समिति, समिति तथा शाखाका कमर्चारीहरूले पनि आवश्यकताअनुसार महासङ्घका साझेदार सङ्घसंस्थाहरूसँग मिलेर कार्ययोजना तयार गर्नेछन् । कार्ययोजनामा प्रादेशिक, जिल्ला तथा स्थानीयस्तरका प्राथमिकतालाई समावेश गरिनेछ । रणनीतिक दृष्टिकोण–पत्र र कार्ययोजनाको कार्यान्वयन र एकरूपताका लागि महासङ्घको नीति अनुसन्धान तथा योजनासँग सम्बन्धित उपसमिति वा विभाग वा पदाधिकारीले महासङ्घको तर्फबाट केन्द्रीय तथा प्रादेशिक स्तरमा गोष्ठीहरूको आयोजना गर्नेछन् । महासङ्घको रणनीतिक दृष्टिकोण–पत्रको कार्यान्वयनका सम्बन्धमा आवधिक रूपमा हरेक डेढ वर्षभित्रमा पुनरावलोकन समीक्षा गरिसकिनेछ । त्यस्तो पुनरावलोकन समीक्षालाई महासङ्घको तत्काल आयोजना हुने साधारण सभा वा महाधिवेशनमा पेश गरिनेछ । रणनीतिक दृष्टिकोण–पत्रले निर्दिष्ट गरेअनुरूप वार्षिक कार्यक्रमहरू योजनाबमोजिम कार्यान्वयन भए नभएका सम्बन्धमा प्रत्येक अर्धवार्षिकमा पुनरावलोकनसहित समस्या समाधानको उपाय पत्ता लगाई त्यसको कार्यान्वयन गरिनेछ । महासङ्घका सम्बन्धित समिति/उपसमिति वा विभाग, शाखाले समेत आ–आफ्नो जिम्मेवारीअनुसारका कायर्क्रम सञ्चालन भए/नभएको पुनरावलोकन गनर्छेन् ।

रणनीतिक कार्ययोजनाबमोजिम कार्यक्रम सञ्चालन भए/नभएको अनुगमन तथा मूल्याङ्कन गर्न महासङ्घका अध्यक्ष वा अध्यक्षले तोकेका पदाधिकारीको संयोजकत्वमा कार्यान्वयन समितिको गठन गरिनेछ । सो समितिमा आमसञ्चार, पत्रकारिता, सूचनाको हक, विचार तथा अभिव्यक्ति स्वतन्त्रताका क्षेत्रमा पैरवी, अध्ययन अनुसन्धान, प्रशिक्षण, अध्यापन, आदि विषयमा कार्यरत नागरिक समाजका विभिन्न सङ्घसंस्था तथा विज्ञ एवम् विशिष्ठ व्यक्तित्वहरूलाई समेत सदस्यको रूपमा राखिनेछ । पत्रकार महासङ्घको केन्द्रीय कार्यालयले आवश्यकताअनुसार सचिवालयको काम गर्ने छ । उक्त कार्यान्वयन समितिले रणनीतिक योजना कार्यान्वयन भए नभएको अनगुमन तथा मूल्यांकन गर्ने छ र रणनीतिक योजनाबमोजिम काम गर्न लगाउने छ । यसका अलावा, अपेक्षित प्रतिफल प्राप्त भए वा नभएको, महासङ्घका गतिविधिहरू उद्देश्यअनुरूप सञ्चालन भए नभएको सम्बन्धमा जानकारी प्राप्त गर्नका लागि नियमित रूपमा अनगुमन गर्ने काम कार्यान्वयन समितिको सचिवालयले गर्ने छ ।

महासङ्घले आफ्नो रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि आवश्यक समिति, उपसमिति वा विभाग गठन/पुनर्गठन गर्नुका साथै हाल महासङ्घमा कार्यरत कर्मचारीबाट आवश्यकताको पूर्ति हुने नदेखिएको खण्डमा यसका लागि कमर्चारीहरू कर्मचारी नियमावलीबमोजिम पदपूर्ति गर्ने छ । हाल सञ्चालनमा रहेका उपसमिति वा विभाग तथा कर्मचारीहरूलाई तिनको कार्यादेशसहित नवीनतम अवधारणा र आवश्यकताका आधारमा पुनः संरचना गरिनेछ ।